म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक १३८ शनिवार, १९ पुस २०८२ ने. सं. ११४६ पोहेलाथ्व 3 January 2026 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## नवराज पराजुलीको कविता कन्सर्ट हेटौंडामा

हेटौंडा, १८ पुस/युवापुस्ताका लोकप्रिय कवि तथा गीतकार नवराज पराजुलीको कविता कन्सर्ट हेटौंडामा हुने भएको छ । हेटौंडा-४, भैरवरोडस्थित किताबघरको आयोजनामा कन्सर्ट हुन लागेको हो । किताबघरका सञ्चालक छवि अनित्यले कवि पराजुलीको कविता कन्सर्ट हेटौंडामा पहिलोपटक हुन लागेको जानकारी दिएका छन् । कन्सर्ट यही पुस २५ गते एभोकाडो होटल एण्ड अर्किड रिसोर्टमा हुनेछ । कन्सर्ट साँझ ५ बजेदेखि ७ बजेसम्म सञ्चालन हुनेछ भने प्रतिव्यक्ति टिकटको मूल्य १ हजार रुपैयाँ तोकिएको छ । युवा पुस्तालाई साहित्यसँग जोड्ने कन्सर्टको मूल उद्देश्य रहेको किताबघरका सञ्चालक अनित्यको भनाइ छ ।

झापाका कवि पराजुली युवापुस्तामाझ लोकप्रिय छन् । उनको 'सगरमाथाको गहिराइ' पुस्तकलाई पद्मश्री पुरस्कार प्रदान गरिएको थियो । उनी नेपाली पोयट्री स्ल्याम-२०१४ का विजेता र 'साताको साहित्य पुरस्कार २०१५ अष्ट्रेलिया' बाट पुरस्कृत भएका छन् । उनी विशेषगरी प्रेम, जीवनका अनुभूति, समाज र मानवीय संवेदनालाई सरल तर, गहिरो भाषामा प्रस्तुत गर्ने कवि हुन् ।

### औद्योगिक कर्जा बागमती प्रदेश केन्द्रित

# गैरखाद्य वस्तु उत्पादनमा लगानी उच्च

साझाकुरा संवाददाता



हेटौंडा, १८ पुस/बैंक तथा वित्तीय संस्थाको स्रोतमा सबैभन्दा धेरै हिस्सा बागमती प्रदेशको रहेको छ । नेपाल राष्ट्र बैंकका अनुसार बागमती प्रदेश निक्षेप संकलन तथा कर्जा लगानीमा अन्य प्रदेशको तुलनामा सबैभन्दा माथिल्लो स्थानमा देखिएको हो ।

केन्द्रीय बैंकका अनुसार आर्थिक वर्ष २०८१/८२ सम्म ५५ खर्ब ८६ अर्ब २९ करोड रुपैयाँ कर्जा लगानी गरेका छन् । २०८२ असार मसान्तमा बैंक तथा वित्तीय संस्थाले ७२ खर्ब ९५ अर्ब ६९ करोड कर्जा लगानी गरेका छन् ।

गत आर्थिक वर्ष कर्जा निक्षेप अनुपात मधेश प्रदेशमा सबैभन्दा बढी १२१ दशमलव ६ प्रतिशत र गण्डकीमा सबैभन्दा कम ५८ दशमलव ३ प्रतिशत रहेको केन्द्रीय बैंकको अध्ययनले देखाएको छ । गत आर्थिक वर्ष बैंक तथा वित्तीय संस्थाले औद्योगिक क्षेत्रमा प्रवाह गरेको कर्जा १६ खर्ब ९९ अर्ब ४९ करोड पुगेको छ ।

वित्तीय क्षेत्रको कुल कर्जामध्ये औद्योगिक क्षेत्रमा प्रवाहित कर्जा अंश ३० दशमलव ४२ प्रतिशत हो । औद्योगिक कर्जामध्ये सबैभन्दा बढी गैरखाद्य वस्तु उत्पादनसम्बन्धी उद्योगमा ३५ दशमलव २७ प्रतिशत, विद्युत, ग्यास तथा पानीसम्बन्धी उद्योगमा २६ दशमलव २६, कृषि, वन तथा पेयपदार्थसम्बन्धी उद्योगमा २१ दशमलव ८५, निर्माणसम्बन्धी उद्योगमा ११ दशमलव ७०, धातु उत्पादन, मेसिनरी तथा इलेक्ट्रोनिक सम्बन्धी उद्योगमा ४ दशमलव २३ र सबैभन्दा कम खानीसम्बन्धी उद्योगमा ० दशमलव ६९ प्रतिशत कर्जा प्रवाह भएको केन्द्रीय बैंकले जनाएको छ ।

औद्योगिक कर्जामध्ये बागमतीमा सबैभन्दा बढी १२ खर्ब ८० अर्ब ९७ करोड कर्जा लगानी छ । त्यसपछि कोशी र लुम्बिनीको हिस्सा क्रमश: दोस्रो र तेस्रो क्रममा छ । औद्योगिक कर्जामा कोशीमा प्रवाहित कर्जाको हिस्सा ९ दशमलव ५ प्रतिशत, मधेश ७ दशमलव ५, बागमती ७१ दशमलव ३, गण्डकी १ दशमलव ६, लुम्बिनी ८ दशमलव ३, कर्णाली ० दशमलव २ र सुदूर पश्चिमको १ दशमलव ६ प्रतिशत छ । राष्ट्रिय तथ्यांक कार्यालयका अनुसार २०८१/८२ मा नेपालको आर्थिक वृद्धिदर उपभोक्ता मूल्यमा ४ दशमलव ६ र प्रचलित मूल्यमा ४ प्रतिशत रहने प्रारम्भिक अनुमान छ ।

२०८१/८२ को कुल गार्हस्थउत्पादन (जीडीपी) मा कृषि, उद्योग र सेवाक्षेत्रको योगदान क्रमश: २५ दशमलव २, १२ दशमलव ८ र ६२ दशमलव ० प्रतिशत रहने प्रारम्भिक अनुमान छ । मुलुकको जीडीपीमा बागमतीको हिस्सा सबैभन्दा धेरै ३६ दशमलव ५ प्रतिशत छ भने कोशी १५ दशमलव ९ र कर्णालीको हिस्सा भने सबैभन्दा कम ४ दशमलव २ प्रतिशत छ । २०८१/८२ मा उद्योगको औसत क्षमता उपयोग ४४ दशमलव ५ प्रतिशत छ । २०८०/८१ मा यस्तो क्षमता उपयोग ४८ दशमलव ३ प्रतिशत थियो । २०८२ असार मसान्तसम्म बैंक तथा वित्तीय संस्थाले प्रवाह गरेको कुल कर्जामा औद्योगिक क्षेत्रको कर्जा अंश ३० दशमलव ४२ प्रतिशत छ ।

आर्थिक वर्ष २०८१/८२ मा १ हजार २ सय ३५ किलोमिटर कालोपत्र सडक, २ सय ८७ किलोमिटर ग्राभेल, ३ सय १ किलोमिटर नयाँ ट्र्याक निर्माण भएको छ भने ३ सय ७० किलोमिटर सडक मर्मत भएको केन्द्रीय बैंकले जनाएको छ । त्यस्तै कुल वस्तु निर्यात ८१ दशमलव ८ प्रतिशतले वृद्धिभई २ खर्ब ७७ अर्ब ३ करोड पुगेको छ भने आयात १३.३ प्रतिशतले वृद्धि भई १८ खर्ब ४ अर्ब १२ करोड पुगेको छ । चालु आर्थिक वर्ष २०८२/८३ मा मुद्रास्फीतिको चाप कम छ । विश्वव्यापी इन्धन तथा खाद्यवस्तुको मूल्यमा गिरावट आएका कारण मुद्रास्फीति न्यून भएको केन्द्रीय बैंकले जनाएको छ ।

त्यसैगरी ब्याजदर घट्दो अवस्थामा, जलविद्युत् उत्पादनमा उल्लेख्य वृद्धि, निर्यात र विप्रेषण आप्रवाहमा उच्च सुधार र निर्माण तथा उत्पादनमूलक उद्योगक्षेत्रमा देखिएको सुधारले अर्थतन्त्रमा सकारात्मक प्रभाव पार्ने अध्ययन प्रतिवेदनमा उल्लेख छ । मौद्रिक सहजताका कारण आर्थिक वृद्धि औसतभन्दा बढी हुने देखिन्छ । २०८२/८३ मा आर्थिक क्रियाकलाप अघिल्लो वर्षको तुलनामा सकारात्मक हुने अनुमान छ । अर्थतन्त्रमा तरलता पर्याप्त रहेको, सरकारले सुशासन प्रवर्द्धन गर्दै पुनर्निर्माणकार्य अघि बढाएको, साना र तयारी नपुगेका आयोजनामा बजेट स्थगन गर्दै परियोजना प्राथमिकीकरण गरिएको लगायत कार्यले अर्थतन्त्र चलायमान भई आर्थिक गतिविधि बढ्ने अनुमान केन्द्रीय बैंकको छ ।

## प्रशंसा चर्च हेटौंडा-४ द्वारा अंग्रेजी वर्ष २०२६ को स्वागत

साझाकुरा संवाददाता

हेटौंडा, १८ पुस/हेटौंडा-४ स्थित प्रशंसा चर्चले अंग्रेजी वर्ष २०२५ लाई बिदाइ गर्दै अंग्रेजी नयाँवर्ष २०२६ लाई स्वागत गरेको छ । कार्यक्रममा चर्चका सदस्यले विभिन्न धार्मिक तथा सांस्कृतिक कार्यक्रम प्रस्तुत गर्दै येशू ख्रीष्टको प्रशंसा गरेका थिए ।

उनीहरुले वर्ष २०२५ मा आफ्नो परिवार तथा व्यक्तिगत जीवनमा भएको उन्नति प्रगतिका अनुभव सार्वजनिक गर्दै एकअर्कासँग खुशी साटासाट गरेका थिए । कार्यक्रमबारे जानकारी दिँदै चर्चका पास्टर बिश्नु बिडारीले नयाँवर्षको अवसरमा सदस्यबीच आपसी प्रेम, सद्भाव र आत्मिक उत्साह देखिएको बताए । उनका अनुसार, चर्चका सदस्यले येशू ख्रीष्टको आज्ञाअनुसार नयाँवर्षसँगै आफ्नो जीवनलाई पनि नयाँसोच, सकारात्मक विचार र सही मार्गमा अघि बढाउने प्रतिबद्धता व्यक्त गरेका छन् । यस अवसरमा सदस्यहरुले एकअर्काको उन्नति र प्रगतिप्रति खुशी व्यक्त गर्दै धन्यवाद प्रकट गरेका थिए ।




## कुण्डलदेवी बहुउद्देश्यीयको २५औं वार्षिक साधारणसभा



साझाकुरा संवाददाता

हेटौंडा, १८ पुस/कुण्डलदेवी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको २५ औं वार्षिक साधारणसभा शुक्रबार सम्पन्न भएको छ ।

साधारणसभा संस्थाका अध्यक्ष शिवकुमार खत्रीको सभाध्यक्षता एवम् पूर्वअध्यक्ष विनोदकुमार लामाको प्रमुख आतिथ्यतामा भएको हो । साधारणसभामा अध्यक्षको प्रतिवेदन प्रस्तुत गर्दै अध्यक्ष खत्रीले कृषकबीच सामूहिक भावना र सहभागितामूलक विकासलाई प्राथमिकतामा राख्दै उनीहरुसँग उपलब्ध स्रोतसाधन र समयलाई अझ उत्पादनशील कार्यमा लगाइने बताएका छन् ।

कृषकको सीप तथा क्षमता अभिवृद्धि, बचत गर्ने बानीको विकास, आवश्यक कृषि प्राविधिक सेवा, मल, बीउबिजन तथा उन्नत जातका पशु सुपथमूल्यमा उपलब्ध गराउँदै बजार व्यवस्थापनलाई प्रभावकारीरुपमा समन्वय गरिने उनको भनाइ थियो ।

उनले बचत संकलन र कर्जा प्रवाहलाई सन्तुलितरुपमा अघि बढाउँदै आन्तरिक नियन्त्रण प्रणाली थप मजबुत बनाइएको उल्लेख गरे । आगामी आर्थिक वर्षमा सदस्य केन्द्रित सेवाविस्तार, प्रविधिमैत्री प्रणालीको विकास, कर्जा जोखिम व्यवस्थापन मजबुत बनाउने तथा सामाजिक उत्तरदायित्वअन्तर्गत पालुङ क्याम्पसलाई प्रदान गर्दै आएको छात्रवृत्तिलाई निरन्तरता दिइने प्रतिवेदनमा उल्लेख गरिएको छ । थाहा नगरपालिका र भीमफेदी गाउँपालिकाभर सदस्य विस्तार योजना अघि बढाइने जानकारी दिइयो । साधारणसभामा सचिव सीताराम रुम्बाले सचिवको प्रतिवेदन, लेखा सुपरीवेक्षण समितिका संयोजक केदार केसीले लेखा प्रतिवेदन प्रस्तुत गरे ।

कोषाध्यक्ष दानु गोपालीले प्रस्तुत गरेको आर्थिक प्रतिवेदन अनुसार संस्थामा हाल ७२८ जना सदस्य, ८२ लाख रुपैयाँ सेयरपूँजी, ३ करोड ३ लाख रुपैयाँ कर्जा लगानी, २ करोड १७ लाख रुपैयाँ बचत संकलन भई कुल कारोबार ५ करोड रुपैयाँ पुगेको छ । साधारणसभामा उत्कृष्ट कारोबार गर्ने तथा ज्येष्ठसदस्यलाई सम्मान गरिएको थियो । बचततर्फ थाहा-१ का माधवप्रसाद बिडारी, उत्तमप्रसाद पौडेल र थाहा-४ की अञ्जली लो, कर्जातर्फ थाहा-३ का मनश्याम बस्नेत, जितेन्द्रकुमार, शिखर सप्लायर्स थाहा-३ का प्रो. विश्वनाथ रायमाझी तथा ज्येष्ठसदस्य सम्मानतर्फ थाहा-४ की ईश्वरी खत्री गोतामे, थाहा-५ का मानसिंह भोम्जन र थाहा-४ का सप्तऋषि थिङ गोपाली सम्मानित भएका छन् ।

### इतिहास, प्रकृति र सम्भावनाको संगम:

# चित्लाङ हिलस्टेसनतर्फ बागमती प्रदेशको नयाँयात्रा



प्रतिक्षा न्यौपाने

हेटौंडा, १८ पुस/इतिहास बोकेको, प्रकृतिले सजिएको र संस्कृतिले समृद्ध बागमती प्रदेशको गौरव-मकवानपुरको थाहा नगर पालिका-९, चित्लाङ । काठमाडौंको कुल जनसंख्याको एक प्रतिशत मात्र मानिस यहाँ भित्रिए पनि स्थानीय अर्थतन्त्रमा ठूलो उथलपुथल ल्याउन सक्ने सम्भावना बोकेको यो वडा आजपनि रहस्य, सौन्दर्य र इतिहासको संगम बनेर उभिएको छ ।

राणाकालदेखि दार्शनिक, साधुसन्त र व्यापारीसम्मको यात्रीको गन्तव्यमार्ग बनेको चित्लाङ केवल एउटा पर्यटकीय गाउँ मात्र होइन, नेपालको समृद्ध इतिहास बोकेको जीवन्त संग्रहालय हो । चित्लाङ-मार्खु-कुलेखानी-भीमफेदी हुँदै हेटौंडा र वीरगञ्ज-रक्सौल जोड्ने यो मार्ग कुनै समय भारत र नेपालको दक्षिणी भूभागलाई काठमाडौं उपत्यकासँग जोड्ने प्रमुख व्यापारिक नाका थियो । खाद्यान्न, लत्ताकपडा ओसार पसारदेखि पशुपतिनाथ दर्शनका लागि आउने साधुसन्तको सांस्कृतिक यात्रासम्म यो बाटो निरन्तर चलायमान रहन्थ्यो । जुनसुकैबेला मानिस आवतजावत गर्ने भएकाले चित्लाङमा चौबीसै घण्टा पसल खुला रहने चहलपहल थियो ।

त्रिभुवन राजपथ निर्माण हुनुअघि चित्लाङ नै भारत-काठमाडौं जोड्ने एकमात्र 'पैदलमार्ग' थियो । सवारीसाधनलाई मानिसले बोकेर ओहोरदोहोर गरिन्थ्यो । संसारमै विरलै पाइने यो ऐतिहासिक तथ्य चित्लाङको विशिष्ट पहिचान हो । त्यतिबेला श्री ३ राणा र श्री ५ सरकारका लागि छुट्टै बासस्थान निर्माण गरिनु चित्लाङको रणनीतिक र ऐतिहासिक महत्वको प्रमाण हो । आजपनि चित्लाङका काठ र ढुंगामा कुँदिएका मन्दिरहरु, कलात्मक पाटीपौवा, ढुंगेधारा र शताब्दीयौं पुराना शिलालेखहरुले यहाँ प्राचीन सभ्यताको संकेत देखिन्छन् ।

माझगाउँमा रहेको अशोककालीन चैत्य (ई.पू.२७३) (नेवार भाषामा चिभाःच) यसक्षेत्रको ऐतिहासिक गहिराइको ज्वलन्त प्रमाण हो । टुपिखेल, कलाँटु, भञ्ज्याङ, कपुगाउँलगायत स्थानमा समुदायको सक्रियतामा निर्माण गरिएका चैत्य, साथै स्वच्छन्दभैरव, तलेजुभवानी, महालक्ष्मी, चम्पाकेश्वर महादेव, त्रिलिङ्गेश्वर महादेव, कालीदेवी, जलदेवी, लक्ष्मीनारायणलगायत मन्दिरले चित्लाङलाई धार्मिक-सांस्कृतिक केन्द्रको रुपमा चिनाउँछन् । हरियाली जंगलले घेरिएको चित्लाङमा १६० भन्दा बढी प्रजातिका चरा तथा वन्यजन्तु पाइन्छन् ।

एक हजारभन्दा बढी स्याउका रुख रहेको विशाल एप्पल गार्डेन र त्यसबीच बनेका कटेजहरुले पर्यटकलाई प्रकृतिसँग नजिकको अनुभव गराउँछन् । अर्ग्यानिक जीवनशैलीमा रमाएको चित्लाङ वास्तवमै एउटा अर्ग्यानिक गाउँ हो । होमस्टे व्यवसायले पहिचान बनाइसकेको यसक्षेत्रमा निर्माणाधीन मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालयले स्थानीयवासीमा नयाँ आशा जगाएको छ । यद्यपि, विकाससँगै विनाश नहोस् भन्ने चिन्ता यहाँका नागरिक, सामाजिक अभियन्ता र अगुवाको साझा आवाज बनेको छ ।

'पर्यटन भनेको बेच्ने क्षेत्र हो, यसलाई जति प्रभावकारीरुपमा प्रवर्द्धन र बिक्री गर्न सक्यौं, त्यति नै समग्र आर्थिक विकास सम्भव हुन्छ,' थाहा नगरप्रमुख विष्णु विष्टले भने । उनकाअनुसार, बागमती प्रदेश स्थापना भएपछि दूरदर्शी सोचका साथ तत्कालीन प्रथम मुख्यमन्त्री डोरमणि पौडेलले शिलान्यास गर्नुभएका भ्युटावर 'पर्यटनको पूर्वाधार विकास नै समग्र विकासको आधार हो' भन्ने नीतिअनुसार निर्माण अगाडि बढाइएको हो । यही नीतिका आधारमा बागमती प्रदेश सरकारले चित्लाङको पर्यटन सम्भावनालाई प्राथमिकतामा राखेको उनले बताए ।

मुख्यमन्त्री इन्द्रबहादुर बानियाँ नेतृत्वको सरकार बनेपछि, विगतमा अलमलमा परेका संरचनाले गति लिएका छन् । प्रदेश स्थापना भएदेखि सुरु भएर अधुरा रहेका संरचना कसको पालामा सुरु भयो भन्ने नहेरी पूर्णता दिने अभियानमा सरकार लागेको संस्कृति तथा पर्यटन मन्त्री सुरेश श्रेष्ठले बताए । 'चित्लाङ हिलस्टेसन प्याकेज' कार्यक्रममार्फत् कुल ५ करोड २७ लाख ४७ हजार रुपैयाँ लागतमा निर्माण गरिएको भ्युटावर तथा सहायक संरचना (२०७७ र २०८० का दुई प्याकेज) लामो समय प्रयोगविहीन रहे । व्यवस्थापनको कार्यविधि नबन्दा अन्योलमा परेको संरचना गतसाता मात्रै थाहा नगरपालिकालाई हस्तान्तरण गरिएको छ ।

सम्झौताअनुसार भ्युटावर बाट हुने आम्दानीको ७० प्रतिशत थाहा नगरपालिका र ३० प्रतिशत बागमती प्रदेश सरकारको राजस्व खातामा अर्धवार्षिकरुपमा जम्मा हुनेछ । यो संरचना पर्यटन प्रवर्द्धनबाहेक अन्य प्रयोजनमा प्रयोग गर्न नपाइने स्पष्ट व्यवस्था गरिएको छ । मुख्य टावरसँगै क्रिएसन हल, शौचालय, गेट, गार्ड हाउस र रिटेनिङ वाल निर्माण भइसकेका छन्, र एक पटकको मर्मतसम्भार प्रदेश सरकारले बेहोर्ने सहमति पनि गरिएको छ । प्रदेश सरकारले हालसम्म ९ जिल्लामा ११ वटा भ्युटावर निर्माण गरिसकेको छ, जसमा चित्लाङसहित ५ वटा सञ्चालनमा आएका छन् ।

बाँकी संरचना पनि क्रमश: स्थानीय तहलाई हस्तान्तरण हुँदैछन् । इतिहास, प्रकृति र सम्भावनाको त्रिवेणी चित्लाङ अब केवल सम्झनाको गन्तव्य होइन । दिगो पर्यटन र स्थानीय समृद्धिको नयाँ केन्द्र बन्दै अघि बढिरहेको छ । सही व्यवस्थापन, संवेदनशील विकास र प्रभावकारी प्रवर्द्धनका साथ चित्लाङलाई साँच्चै नै छुट्टै, नौलो र आकर्षक पहिचान दिलाउन सकिने आधार बलियो बन्दै गएको संस्कृति पर्यटन मन्त्रालयका सचिव दीपेन्द्र सुवेदीले बताए ।

## वडा प्रहरीको नागरिक सुनुवाई कार्यक्रम

साझाकुरा संवाददाता

हेटौंडा, १८ पुस/वडा प्रहरी कार्यालय सानोपोखरा हेटौंडाको आयोजनामा नागरिक सुनुवाई कार्यक्रम गरिएको छ । वडा प्रहरी कार्यालयको समन्वयमा नागरिक सुनुवाई गरिएको हो ।


स्थानीय समाजसेवी माधव अधिकारीको सभाध्यक्षतामा नागरिक सुनुवाई गरिएको हो । कार्यक्रममा वडा प्रहरी प्रमुख प्रहरीनिरीक्षक धर्मराज खत्रीले वडा प्रहरी कार्यालयले सामुदायिक प्रहरी साझेदारी कार्यक्रमअन्तर्गत गरेको कार्य विवरण प्रस्तुत गरेका थिए । उनले नागरिकबाट आएको प्रश्नको जवाफ दिँदै वडा प्रहरी मातहतका क्षेत्रमा पर्ने स्थानको सुरक्षा कायम गर्न कुनै कसुर नराख्ने बताएका थिए । नागरिक सुनुवाईमा हेटौंडा उपमहानगरपालिका-४ का वडाअध्यक्ष नवीन सिग्देल, हेटौंडा-५ का वडाअध्यक्ष सुशील घिमिरे, वडा नम्बर २ का वडासदस्य इन्द्र रिजाल, स्थानीय व्यवसायी, विद्यालयका शिक्षक प्रतिनिधि, टोल विकासका प्रतिनिधिले सुरक्षा चुनौतीका विषयबारेमा वडा प्रहरी प्रमुखको ध्यानकर्षण गराएका थिए ।

कार्यक्रममा हेटौंडा-४ का वडासदस्य गीता त्रिपाठी, ५ नम्बर वडासदस्य रामबहादुर राई, विभिन्न संघसस्थाका प्रतिनिधि, स्थानीय विद्यालयका प्रतिनिधि, व्यवसायी सहित सर्वसाधारणको सहभागिता रहेको थियो । भाडाको घरमा रहेर सेवा दिँदै आएको वडा प्रहरी कार्यालयले विगत २ वर्षदेखि हेटौंडा-४ हुप्राचौर डाटासेन्टर नजिकै आफ्नै भवनबाट सेवा दिँदै आइरहेको छ ।

यस पृष्ठमा प्रकाशित साहित्य बाहेकका सामग्रीहरु विभिन्न वेभसाइट, सामाजिक सञ्जाल तथा एजेन्सीहरुबाट साभार गरिएका हुन् ।

facebook twitter Google **विज्ञान/प्रविधि**

# एप्पलको एआई रणनीति २०२६ मा सफल हुने संकेत



एप्पलले कृत्रिम बुद्धिमत्ता (एआई) क्षेत्रमा अन्य प्रविधि कम्पनीहरू जस्तै ओपनएआई, गुगल र मेटाको तुलनामा संयमित रणनीति अपनाउँदै आएको छ । यी कम्पनीहरूले एआईका लागि अर्बौं डलर लगानी गरिरहेका बेला एप्पलले खर्च सीमित राखेको छ । यही कारण एप्पल एआईमा पछि परेको र विशेषगरी सिरी अन्य आधुनिक एआई सहायकभन्दा कमजोर रहेको भन्दै आलोचना हुँदै आएको छ ।

तर हालै आएको एक रिपोर्टअनुसार एप्पलको यही सावधानीपूर्ण रणनीति सन् २०२६ मा फाइदाजनक देखिन सक्ने उल्लेख गरिएको छ । ठूलो मात्रामा गरिएको एआई लगानीबाट तत्काल आम्दानी आउँछ कि आउँदैन भन्ने विषयमा बजारमा शंका बढ्दै गएको छ ।

यस्तो अवस्थामा एप्पलसँग १३० अर्ब डलरभन्दा बढी नगद तथा लगानीयोग्य सम्पत्ति रहेकाले भविष्यमा एआई स्टार्टअप खरिद वा सहकार्य गर्ने राम्रो अवसर उससँग छ । सन् २०२६ मा एप्पलले सिरीको ठूलो सुधार गरिएको संस्करण सार्वजनिक गर्ने तयारी गरेको छ । नयाँ सिरी अझ संवादात्मक हुने र एकै पटक धेरै काम गर्न सक्ने बनाइने अपेक्षा गरिएको छ । यसका लागि एप्पलले गुगलको जेमिनी एआई प्रयोग गर्न सक्ने चर्चा छ, जसले ठूलो एआई मोडलहरू भविष्यमा सामान्य बन्दै जाने एप्पलको धारणा देखाउँछ ।

एप्पलको मुख्य बल भनेको आइफोन र यसको मजबुत इकोसिस्टम हो । अन्य एआई कम्पनीहरू एप वा वेब सेवामा निर्भर रहँदा एप्पलले आफ्ना उपकरणहरूमा सफ्टवेयर अपडेटमार्फत सिधै एआई सुविधा पुर्‍याउन सक्छ । हार्डवेयर निर्माण, वितरण र प्रयोगकर्ता इकोसिस्टममा एप्पलको पकड निकै बलियो छ ।

रिपोर्टले एप्पलभित्र भएका नेतृत्व परिवर्तनहरूलाई पनि उल्लेख गरेको छ । सिरीको जिम्मेवारी भिजन प्रो हेडसेटमा काम गरिसकेका माइक रकवेललाई दिइएको छ । साथै, एप्पलका एआई प्रमुख जोन जियानान्ड्रियाले डिसेम्बरमा अवकाश लिएका छन् र एआई टिमहरूलाई उत्पादन केन्द्रित रूपमा पुन:संरचना गरिएको छ ।

पहिलेका केही एआई प्रयासहरू अपेक्षाअनुसार सफल नभए पनि त्यसले एप्पलको मुख्य व्यवसायमा खास असर पारेको छैन । यदि अत्यधिक एआई लगानीप्रतिको उत्साह घट्दै गयो भने, सन् २०२६ एप्पलको सोचिएको र संयमित एआई रणनीति सफल देखिने महत्वपूर्ण वर्ष बन्न सक्ने विश्लेषण गरिएको छ ।

# जापानले बनायो १ मिनेटमै दाँत माझिदिने ‘रोबोट ब्रस’



जापानको वासेदा विश्वविद्यालय रोबोटिक्स ल्याबले ’न.भल्’ नामक हाईटेक रोबोटिक टुथब्रस विकास गरेको छ । दिनमा कम्तीमा दुई पटक दाँत माझ्नु पनि कतिपयलाई झन्झटिलो लाग्छ । तर नमाझ्दा दाँत बिग्रिने डर पनि उत्तिकै हुन्छ ।

यदि तपाईं पनि यही समस्यामा हुनुहुन्छ भने, जापानी वैज्ञानिकहरूले विकास गरेको एउटा हाईटेक रोबोटिक टुथब्रस तपाईंका लागि समाधान बन्न सक्छ । यो टुथब्रस प्रयोग गर्न कुनै मेहनत चाहिँदैन । मुखमा एउटा माउथपिस राखेर टोक्नु मात्र पर्छ । अनि, यसले केवल एक मिनेटमै तपाइँको दाँत माझेर मोतीजस्तै टल्काइदिनेछ ।

यो अनौठो तथा निकै उपयोगी हुने टुथब्रस जापानको वासेदा विश्वविद्यालय रोबोटिक्स ल्याबले विकास गरेको प्रविधिमा आधारित छ । ‘न.भल्’ नाम दिइएको यो रोबोटिक टुथब्रसमा साना-साना धेरै ब्रस हेडहरू छन् । यिनीहरू माथि/तल तथा दायाँ/बायाँ चल्छन् । यी सबै ब्रसहेड सानो तर शक्तिशाली मोटर बाट सञ्चालन हुन्छन् ।

यो ब्रसले दाँतको दुवै साइड एकैपटक सफा गर्छ । साथैं हातले दाँत माझ्दा हुने असमान ब्रसिङको समस्या पनि यसले कम गर्छ । उक्त रोबोटिक टुथब्रसको तौल २२० ग्राम छ र यसमा युएसबी टाइप सी चार्जिङ सुविधा दिइएको छ । यसमा विभिन्न प्रयोगकर्ताका लागि चार वटा मोड छन् । जसमा एजी, केयर फुल, स्पेशल केयर, र चिल्ड्रेन रहेका छन् ।

**प्रभावकारिता प्रमाणित**

सन् २०२२ मा जापान सोसाइटी अफ हेल्थकेयर डेन्टिस्ट्रीमा प्रस्तुत गरिएको एक अनुसन्धान अनुसार, न.भल ले २२.४ प्रतिशत प्लाक रिटेन्सन दर हासिल गरेको छ । यसलाई ‘राम्रो मुख स्वास्थ्य’ को मापदण्ड मानिन्छ । अनुसन्धानले यो टुथब्रसको सफाइ क्षमता परम्परागत टुथब्रसभन्दा राम्रो रहेको निष्कर्ष निकालेको छ । हातको मेहेनतबिनै यसबाट प्राप्त उक्त कार्यदक्षता महत्वपूर्ण उपलब्धि हो ।

**बजारमा आउने तयारी**

दुई वटा पेटेन्ट सुरक्षित गरिसकेको यो रोबोटिक टुथब्रस हाल क्राउडफन्डिङ चरणमा छ । रोचक कुरा के छ भने, यसले आफ्नो लक्ष्यभन्दा झन्डै चार गुणा बढी रकम जुटाइसकेको छ । हाल यसलाई ३१ हजार ४२ जापानी येन अर्थात करिब १९९ अमेरिकी डलर मूल्यमा अर्डर गर्न सकिने बताइएको छ ।

यो रोबोटिक टुथब्रस सुरुमा हात चलाउन गाह्रो हुने वा शारीरिक असक्षमता भएका मानिसहरूका लागि बनाइएको थियो । तर अहिले यसले सामान्य प्रयोगकर्ताहरूको पनि ध्यान तानेको छ । विशेषगरी हातले दाँत माझ्न अल्छी गर्ने मानिसहरूका लागि यो रोजाइको सामान बनेको छ ।

**यौन स्वास्थ्य**

# यौन इच्छा नहुनु र गर्भ नरहनुको कारण यस्तो हुनसक्छ



उमेर ढल्कदै गएपछि यौन इच्छामा कमी हुनु वा यौन क्षमतामा कमी आउनु स्वभाविक हो । तर युवास्थामा नै कसैलाई यौन रुची र क्षमतामा कमी हुन्छ भने यसबारे समयमै सचेत हुन आवश्यक छ । जसकालागि निम्न खानेकुरा खानबाट बच्नु पर्दछ ।

**१. धुमपान**

धेरैलाई थाहा नहुन सक्छ तर चुरोट सुर्तीमा हुने निकोटिनले पनि वीर्यमा प्रभाव पार्दछ । निकोटिनयुक्त कूलतमा फसेका पुरुषहरु बाँझोपनको शिकार हुने संभावना हुन्छ ।

**२. विषादीयुक्त सागसब्जी**

विषादी मिसिएको तरकारी वा फलफुलले वीर्यको मात्रा घट्ने मात्र होइन त्यसको शक्ति पनि कमजोर बनाउँछ । त्यसैले बजारबाट ल्याएर फलफुल र सागपात पखालेर खानु पर्दछ ।

**३. मोबाईल फोन**

अहिले मोबाईल बिनाको जीवन कल्पना गर्न सकिदैंन । तर मोबाईमा हुने विद्युतीय चुम्बकीय विकिरणको निरन्तर एक्सपोजले वीर्यको गुणस्तरमा गम्भीर प्रभाव पार्दछ ।

**किन हानीकारक छ ओरल सेक्स ?**

पछिल्लो पुस्ता माझ ओरल सेक्स (मुख मैथुन)ले प्राथमिकता पाउँदै गएको छ । तर यसले विभिन्न रोग तथा संक्रमणको जोखिम बढाउने गर्दछ । ओरल सेक्सले खतरनाक गोनोरिया पैदा गर्दछ । डब्लूएचओ अनुसार गोनोरियाको उपचार कठिन हुने र कतिपय अवस्थामा असम्भव हुनसक्छ ।

गोनोरियाबाट गुप्ताङ्ग, गुद्वार र गलामा संक्रमण हुनसक्छ । यसको असर दिनानुदिन बढ्ने गर्दछ । एन्टिबायोटिक्स गलामा जिवाणुलाई जन्म दिने गर्दछ र यसमा गोनोरियासँग जोडिएका केही कुरामा पनि समावेश हुन्छन् । ओरल सेक्समार्फत हुने गोनोरिया जिवाणुको हमला कडा किसिमले फैलन सक्छ । यो रोग जिवाणुजनित हो जसलाई नाइसिरिया गोनोरिआ भनिन्छ । यो संक्रमण असुरक्षित भजाइनल, एनल र ओरलसेक्समार्फत फैलने गर्दछ ।

यसको लक्षण पहिचान गर्न सजिलो छैन । तर यसको लक्षणमा यौनाङ्गबाट हरियो र पहेंलो पदार्थ निस्कने पर्दछ । यसका साथै पिसाब गर्ने बेला पीडा र महिनावारी हुँदाको रगतबाट यो रोगको पहिचान हुने गर्दछ । यस्तो प्रकारको इन्फेक्सन जसको उपचार सम्भव छैन त्यसबाट प्रजनन क्षमतामा सिधा असर पर्ने गर्दछ ।

**साहित्य**

# पारिवारिक पुरस्कार माहात्म्य

**हास्यव्यंग्य**

✍ **सङ्गीत आयाम**

पुरस्कार पनि रङ्ग रङ्गका र ताल तालका हुन्छन् भन्ने कुरा कसलाई थाहा छैन र ! कुनै पुरस्कार हल्लाको भरमा हल्ला गरेर दिइन्छ भने त्यस पुरस्कारलाई हल्ला पुरस्कार को रूपमा सहजै अनुमान गर्न सकिन्छ । कुनै पुरस्कार सल्लाहको भरमा सल्लाह गरेर दिइन्छ भने त्यस पुरस्कारलाई सल्लाह पुरस्कार हो भनेर जान्न कुनै मुस्किल काम हुँदैन । कुनै पुरस्कार माउहरू सबैलाई उछिनेर एक्कासि चल्लाहरूलाई दिइन्छ भने त्यो चल्ला पुरस्कार हो भनेर थाहा पाउन कुनै पनि बार कुर्नुपर्दैन । कुनै पुरस्कार त बाटोघाटोमा यस्ता पनि भेटिन्छन् जसको कुनै आधारै हुदैन र पुरस्कारदाता कुनै पनि बेला सन्किएको भरमा कसले कहा त्यस पुरस्कारलाई कतिखेर प्राप्त गर्दछ थाहा नै हुदैन । यस्ता पुरस्कारहरू झल्ला पुरस्कारको रूपमा संसारभरि विख्यात नै छन् ।

सबैलाई थाहा नै छ कि कुनै पुरस्कार सेता हुन्छन् र ती प्राय: त्यस्ता मान्छेले पाउँछन् जो जिन्दगीभरि कालोधन्दाको लागि सक्रिय हुन्छन् । कुनै पुरस्कार काला पनि छन् जो दिनको उज्यालोमा नै नगदको डरलाग्दो आकर्षा राखेर सेता काम गरेकाहरूलाई रातारात दिएर बद्नाम गरिन्छ ।

ताल तालका र रङ्ग रङ्गका धेरै प्रकारका पुरस्कारहरू मध्ये म यहा यस्तो पुरस्कारका बारेमा बताउँदैछु जसलाई नाममा पनि र काममा पनि एकदमै अनौठो जातको भनेर चिनिन्छ । आजभोलि निकै नै चर्चामा रहेको त्यो पुरस्कारको नाम हो ‘पारिवारिक पुरस्कार’ । यस पुरस्कारलाई जो कोहीले कम आँक्ने हत्तपत्त साहस नै गर्दैन । यो पुरस्कार एकदमै अनौठो जातको छ, अरूभन्दा धेरै फरक प्रकृतिको । न जोगीले भीख मागेको भरमा प्राप्त गर्छ यस पुरस्कारलाई न भोगीको कुनै भोगाइ नै यस पुरस्कार पाउने सर्त कहिल्यै बन्छ । यो पुरस्कार त्यस्ताले मात्र पाउन सक्छ जसले पुरस्कार दिने परिवारको जय जयकार गरेर आफ्नो प्रष्ट जात के हो भन्ने कुरा देखाउछ ।

पारिवारिक पुरस्कार प्राप्त गर्ने सबैभन्दा ठूलो सर्त के हुन्छ भने पुरस्कार बाँड्ने त्यस परिवारभित्र द्रुतगतिमा प्रवेश गर्नलाई सदस्यता लिनपर्ने नियम छ र त्यसको लागि टिकट काटेर कहिले आफ्नो पालो आउला भनेर कुरेकै हुर्नुपर्दछ । यस पारिवारिक पुरस्कारका मुख्य विशेषताहरूमध्ये पनि प्रमुख विशेषता के हो भने परिवारभन्दा बाहिरकालाई न कहिल्यै यो पुरस्कार दिइएको इतिहास छ न कहिल्यै दिने संभावना नै देखिन्छ । नामअनुसार यो पुरस्कार सधै नै गौरवान्वित हुदै मस्त भेटिन्छ । नामलाई सार्थक पार्न यो पुरस्कार एकदमै खटिएको देखिन्छ ।

एकदिन, अपवादका रूपमा परिवार भन्दा बाहिरकालाई पनि एकपल्ट यो पुरस्कार दिएर हेर्ने हो कि त भनेर त्यहाँ एक्कासि चर्चा चल्यो । झुक्केर चलेको त्यस चर्चाले ’जर्ज अरवेल’ को ‘एनिमल फार्म’ मा भन्दा पनि कयौं गुणा बढी त्यहा खैलाबैला मच्चायो । सदस्यहरूमाझमा नै मनमुटावको स्थिति देखापरेको हुनाले तत्कालै पारिवारिक पुरस्कार बाँड्ने संस्थाको अध्यक्षले नै पर्वत अवस्थाका लागि पुरस्कार लिने घोषणा गरेको धेरै दिनसम्म चर्चाको विषय बनेको थियो । ल अब तपाई नै भन्नुहोस् त, कति खतरनाक रहेछ त यो पारिवारिक पुरस्कार ? बाहिरका लाई दिने कुरामा त यत्रो कोकोहोलो हुन्छ भने झन् बाहिरकाले नै उक्त पुरस्कार पाउने हो भने अझ कस्तो हल्लाखल्ला हुन्छ होला त्यहाँ, सहजै अनुमान गर्न सकिन्छ ज !

पारिवारिक पुरस्कारलाई लिएर पारिवारिक सदस्यहरू यस्तो कुरामा एकदमै सचेत छन् । उनीहरूलाई लाग्छ, परिवारभित्रै पालो कुरेर बस्नेहरू अझै पनि लामबद्ध नै छन्, कहा यो लामलाई छोडेर बाहिर जाने ? यस्तो नचाहिने कुरा उठाउनेलाई कारबाई गर्नुपर्दछ । संस्थामा बसेर बाहिरको कुरा सोच्ने ? के सम्बन्ध छ उसको बाहिरसग ? सदस्यहरू रिसले आगो हुन्छन् । आखिरमा सदस्यहरूले खोजेको कुरा नै त्यहा लागु हुन्छ किनकि सक्रियतापुर्वक उनीहरू पनि यसपल्ट मालिकहरूबाट पुरस्कार खसिहाल्छ कि भनेर त्यस लाममा नै लामबद्ध हुन छोडेका हुदैनन् ।

पारिवारिक पुरस्कारको सबैभन्दा महान विशेषता भनेकै कुनै पनि लाज/सरमलाई पचाएर अत्यन्तै उदारता परदर्शन गर्दै आफ्नै पुरस्कार आफ्नो नगरेर लिन सकिन्छ भनेर सारा संसारलाई विशिष्ट उदाहरण देखाउन सक्नु पनि हो । पारिवारिक पुरस्कार मैले लिए है भनेर मालिकहरूमा पनि ठूलो मालिकले आफ्नो हस्ताक्षर गरेर सदस्यहरूका माझमा सगर्व घोषणा गर्दा कुनचाहि सदस्य गौरवान्वित भएन र ? वास्तवमा केही दिनपछि पुरस्कार लिएको त्यो क्षणलाई संस्थाका सदस्यहरूले अमृत जसरी घटघटी पिएको दृश्य हेर्नु अरूका लागि पनि कम रमाइलो थिएन । आफ्नै पुरस्कार आफ्नो लिएर विश्वरेकर्ड राख्न सकेकोमा मालिकलाई दासहरूले बधाई दिने क्रम रोकिएको छैन । एउटा दास गर्वितहुदै भन्छ, ’संस्थाले प्राप्त गरेका आजसम्मका महान उपलब्धिहरूमध्ये पनि ठूलो उपलब्धिको रूपमा मालिकले पुरस्कार ग्रहण गर्नुभएको उक्त घटनालाई लिइएको छ र संस्थाको इतिहासमा त्यस अदभुत घटनालाई अब सुनौलो अक्षरले लेखिन्छ ।

पारिवारिक पुरस्कारको अर्को ठूलो विशेषता भनेको कतै पनि नभएको नियम परिवारका लागि लागू गरेर प्रथम हुने कोशिशका रूपमा प्रमाणित गर्नु पनि हो । उक्त पुरस्कारको हिजोदेखिको इतिहास हेर्ने हो भने कहिल्यै पनि सल्लाह दिनै नसक्ने हैसियत भएका संस्थाद्वारा घोषित वरिष्ठ सल्लाहकारहरूलाई पुरस्कार दिएर पुरस्कारको महत्ता बढाएको देखिन्छ भने कहिले नाममा भूतपूर्व भए पनि काममा अध्यक्षझैं देखिने र उमेरले नेटो काटिसके पनि अझै संस्थामा चर्को हस्तक्षेप गर्नसक्ने हैसियत भएका भनेर कपाल फुलिसकेको यथार्थलाई मूल्याङ्कनको आधार मान्दै पुरस्कार सगर्व प्रदान गर्ने क्रम भेटिन्छ ।

कहिलेकाहीँ त मालिकका ठाडा आदेशहरूलाई पनि कर्तव्यनिष्ठरूपमा सँधै एकनासले पालना गरिरहेका दासहरूलाई पनि यो पारिवारिक पुरस्कार प्राप्त हुन्छ । दासले पुरस्कार प्राप्त गरेपछि यस कुरामा जीवनभरि अत्यन्तै गर्व गर्दथ्यो कि धन्न मालिकहरूले यसपल्ट भने पुरस्कार लिएनन्, नत्र फेरि कहिलेसम्म पालो कुर्नुपर्दथ्यो त्यस पुरस्कारका लागिर? कहिलेकाहीँ त मालिकहरूभन्दा तल्लो पदमा काम गर्नेहरूले पनि सो पारिवारिक पुरस्कारको स्वाद कस्तो हुन्छ भनेर चाख्न पाउथे र त्यस पुरस्कारका कारण आफ्नो जीवन सार्थक भएकोमा आफैलाइ मुरी?मुरी बधाई दिन चुक्दैनथे ।

कहिले त पारिवारिक पुरस्कार त्यस्ताले पनि प्राप्त गर्दथ्यो जो कार्यसमितिका सदस्यहरूमध्येमा पनि वरिष्ठ हुन्थ्यो । संस्थाको सदस्यहरूमा वरिष्ठ भए पनि आजसम्म आफ्नो कुनै दृष्टिकोण नै विकास गर्न नसकेको भनेर बेला बेलामा परिवारवृत्तभन्दा बाहिरको वृत्तमा आलोचनाको केन्द्र पनि हुन्थे त्यस्ता पात्र । पारिवारिक पुरस्कारको हकमा भने संस्थाप्रति अत्यन्तै भक्तिभाव पुर्दर्शन गर्नमा कोहीभन्दा कम नभएको योगदानको मूल्याङ्कन गरेर ठूला भक्तका रूपमा सो पुरस्कार दिइन्थ्यो कार्यसमितिका वरिष्ठ सदस्यहरूलाई । वरिष्ठ सदस्यहरू अरूले नपाएर आफूले पाएकोमा जीवनभरि गर्वबोध गर्दथे ।

भौतिकरूपमा उन्नति गरेका तर बौद्धिकरूपले पतनहुदै गएका संस्थाको सदस्यहरूका लागि यो पारिवारिक पुरस्कार ठूलो आकर्षाको केन्द्र हुन्थ्यो । यस्तो अनौठो पुरस्कार दिने संस्था भनेर अन्तर्रदेखि शुभकामनाका सन्देशहरू आउने क्रम जारी नै रहेको देखिन्थ्यो । प्रतिभा र क्षमताले ठगिएका अनि सिर्जनात्मकशून्य मस्तिष्क बोकेकाहरूलाई पनि यो पारिवारिक पुरस्कार दिने संस्थाले सहारा दिएर ठूलो पुण्यको काम गरेको थियो भन्दा कुन सदस्यको छाती चौडा हुन्थेन र? केही लेख्नुपर्दा प्रतिभाले साथ नदिएको भए पनि ठसठस कनेर लेख्नुपर्ने बाध्यता, केही बोल्नुपर्दा सदस्यहरूमा कुनै कला नभएको कारणले कण्ठस्थ बनाएको कुरा पनि कर्कश स्वरमा बलजफती ओकल्नुपर्ने विवशता आदि विशेषताहरूले भरिएको पारिवारिक पुरस्कार समितिलाई अरूभन्दा एकदमै फरक ढङ्गले हेर्ने गरिन्थ्यो समाजमा र यो नै पारिवारिक पुरस्कार समितिले प्राप्त गरेको अलग प्रकारको पहिचान पनि थियो ।

यी र यस्ता विशेषताहरूले गर्दा पारिवारिक पुरस्कार समिति र सो पुरस्कार प्रदान गर्ने संस्थालाई गरिमामयमात्र बनाएको थिएन कि प्रचण्डको भाषालाई एकछिन सापटी मागेर भन्ने हो भने पुरस्कार दिने र लिने प्रक्रियाले अन्तर्रराष्ट्रिय रूपमा नै महान छलाङ मार्नसकेको देखिन्थ्यो ।

पारिवारिक पुरस्कार दिने पनि र लिने पनि एक्कासि अन्तर्रराष्ट्रमा चर्चित भैहाल्थे जसको कारण सर्वशक्तिमान भएर पारिवारिक पुरस्कार प्राप्त नगरेकाहरूलाई प्राप्त गरेकाहरूले त्यति गन्दैनथे ।

**कविता**

# आमा

✍ **तेजराज दाहाल**

आमाको माया अमर छ
स्नेहको उज्यालो स्वरूप
जिन्दगीको हिँड्ने बाटोमा
हाम्री आमा नै स्थिर दीप

हामी सवैकी हाम्री जननी
आमा हाम्रो अनन्त शक्ति
आमाको काख सँधै सुरक्षित
हट्छन् सवै डर र अशान्ति

धैर्य तिम्रो पहाड जस्तो उच्च
माया तिम्रो सागरभन्दा गहिरो
दु:ख र सन्ताप सवै निभाउने
छहारी छ शितल सदैव तिम्रो

आराम निद्रा त्यागी रातभर
तिमीले सन्तानलाई हुर्कायौ
आफू थाकें नभनी जीवनभर
हामीलाई सँधै अघि बढायौ

हाम्रा नाम अघि तिम्रो नाम
हाम्रा सवैपथ तिम्रै पदचिन्ह
मातृत्वको ऋण मोचन गर्न
कहिल्यै हुन्नौं हामी सफल

हाम्रा जननि र जन्मभूमि सदा
स्वर्गभन्दा महान् छन् सर्वथा
यो भनाइ मात्र होइन आमा !
हाम्रो जीवनको प्राण पनि हो

हाम्री आमा तिमी हाम्रो संसार
परिवार शान्ति, शक्ति आधार
तिम्रो स्नेहको ऋणमा आभारी
नतमस्तक छौं हामी बारम्बार

# सरकारी चिठी

**लघुकथा**

✍ **डा. हरिप्रसाद भण्डारी**

‘अड्डाबाट सरकारी चिठी आएको छ, हिँड्नोस् रे छिटै । तपाईंबाहेक अरू कसैलाई बुझाउन मिल्दैन भनेका छन् हुलाकीले ।” मेलाबाट घरमा अर्नी बनाउन गएकी छोरी तुरून्तै फर्केर आई र भनी । छोरीको कुरा सुनेपछि सन्तबहादुर आत्तिए । उनको मुटुको गति बढ्दै गयो र उनी चिसो जमिनमा थचक्क बसे । केटीको कुरा सुनेपछि त्यहाँ उपस्थित अरूहरूले पनि मुखामुख गरे । सबैका अनुहारमा जिज्ञासा मडारिएको देखिन्थ्यो ।

सन्तबहादुरले आफू सत्र वर्षको लक्काजवान हुँदा अड्डाबाट आएको त्यस्तै एउटा चिठी सम्झिए, जसमा भूमिसुधार कार्यक्रम अन्तर्गतको वचत समयमा नबुझाए वापत उनलाई कानुन बमोजिम कारवाही हुनसक्ने धम्की थियो । चिठीसँगै भूमिसुधार कार्यालयको बसनी पनि आएका थियो र घरै थर्कने गरी उनलाई हकारेको थियो । पछि गाउँकै जिम्मालबाको सहयोग र सल्लाहमा केही दस्तुरी बुझाएपछि बल्लबल्ल मुक्ति मिलेको थियो । अर्को चिठी आउँदा उनी दुई सन्तानका बाबु भइसकेका थिए । उनलाई विपक्षी बनाई गाउँकै एकजना व्यक्तिले हालेको मुद्दाको सिलसिलामा प्रतिवादी लगाउन उनलाई आदेश गरिएको थियो । चार मुरी धान फल्ने बिरौटो खेत सकिएपछि बल्ल उनले उक्त मुद्दाबाट छुटकारा पाएका थिए ।

तेश्रो पटक उनका घरमा आएको सरकारी चिठी मालपोत कार्यालयबाट आएको जग्गा दर्ता गर्ने सम्बन्धी जानाकारी पत्र थियो । नापीको बेला दर्ता हुन छुटेको घरबारी जग्गा दर्ता गर्ने सिलसिलामा आएको उक्त पत्रले आृनो जग्गाको दुईतिहाई मोल असुलेर बल्ल शान्त भएको थियो । चुनावको बेला गाउँमा भएको दुई पक्षका बीचको विवादमा उनलाईसमेत मुछेर हालेको सार्वजनिक अपराध मुद्दामा ‘पत्र प्राप्त भएको मितिले सात दिनभित्र हाजिर हुन आउनुहोला नत्र.....’ भन्ने ब्यहोराको पत्र उनको घरमा आएको चौथो सरकारी पत्र थियो । उक्त पत्रले उनलाई अनाहकमा सात दिन प्रहरी ठानाको चिसो कोठामा थुनाएको थियो ।

एउटा भैसी पाल्ने विचारले कृषि विकास बैंकसँग लिएको रीण समयमा तिर्न नसक्दा त्यसको चक्रवर्ती ब्याज र साँवा हिसाब गर्दा पाँच गुना बढी भएको र असार मसान्तभित्र साँवा र ब्याज चुक्ता नगरेमा धितो राखेको पाखोबारी लिलाम हुने ब्यहोराको पत्र उनका जीवनको अर्को सरकारी चिठी थियो । उक्त पत्रले तीन महिना आटो खान पुग्ने पाखो बारीलाई कहिल्यै विशेक नहुने गरी घाइते बनाएर गएको थियो । यी सबै घटनाहरू सम्झदा उनको मन खिन्न हुँदै गइरहेको थियो । अहिलेसम्म जति पनि सरकारी चिठी आएका थिए, ती कुनै पनि उनको पक्षमा थिएनन् । हरेक चिठीले सानो-ठूलो हानी पुर्‍याएरै गएका थिए ।

‘अहिले फेरि के विपती आइलाग्यो हँ !’ उनले मनमनै सोचे । सोच्दैजाँदा उनको मुटु पिरो भयो । मकैका बोटको आडलागेर बसेका थिए, मकैलाई समेत नुहाएर जमीनमा पल्टिए । ‘ए के भयो हँ ?’ अरूले यसो भन्दै नजिकै गएर उठाउन खोज्दा उनी बेहोस भइसकेका थिए । आँगनमा रहेको तुलसीका मठनिर उनलाई सुताइएको थियो । घरका परिवार र छिमेकीहरू वरिपरि बसेर विलाप गरिरहेका थिए । जान्ने बुझ्नेहरू औषधिमुलो पनि गर्दै थिए । त्यस्तैमा उनले पिलिक्क आँखा उघारे र वरिपरि हेरे । उनको होस खुलेको देखेर सबैजना खुसी देखिए । वैद्यबाजे नजिकै बसेका थिए, अनुहार हसिलो पार्दै सोधे– “कस्तो छ ?”

सन्तबहादुर केही बेर घोरिए र चर्को स्वरमा बोले– “ऊ चिठी, सरकारी चिठी !” त्यसपछि उनी पूर्ववत आँखा चिम्लिए र बेहोस भए । अस्ताउन लागेको सूर्यले पारि हिमालयमा पहेँला किरण छर्दै थियो ।

# नक्कली नोटको बिगबिगी, सक्कली नोट चिन्ने कसरी ?



काठमाडौं/गत असोजमा दसैंका लागि सुकिला नोट बजार पठाउन नेपाल राष्ट्र बैंकले आफूसँग भएका नोट मिलाउन सुरु गऱ्यो । नोट मिलाउने अर्थात् सर्टिङ गर्ने क्रममा केन्द्रीय बैंकमै ४ थान नक्कली नोट भेटियो । गत महिना मात्रै वीरगञ्ज रक्सोल बोर्डरमा ठूला दरका १ सय १४ थान नक्कली नोट फेला परे । ती नक्कली नोट नेपाल प्रहरीले राष्ट्र बैंकको प्रादेशिक कार्यालय वीरगञ्जमा बुझाएको छ ।

त्यसैगरी १६ पुसमा नेपाल प्रहरीले काठमाडौं गोकर्णेश्वर बाट पनि नक्कली नोट बरामद गरेको छ । त्यसदिन प्रहरीले ९३ थान १ हजार दरका नक्कली नोट सहित ६ जनालाई पक्राउ गरेको थियो । पछिल्लो समय नक्कली नोटमार्फत सर्वसाधारण ठग्ने गतिविधि बढेको देखिन्छ । माथिका उदाहरणले पनि नक्कली नोट प्रयोगसँगै सर्वसाधारण ठग्ने क्रियाकलाप तीव्र भएको स्पष्ट हुन्छ ।

गैरकाननुनी गतिविधि मार्फत ठगी गर्ने गिरोहले संक्रमणकालीन अवस्थालाई अवसरका रूपमा प्रयोग गर्छन् । गत भदौको जेनजी आन्दोलनपछि राजनीतिक संक्रमण भएकाले नक्कली नोट कारोबारीले बजारमा नक्कली नोट आपूर्ति बढाएका छन् । साथै, निर्वाचनको मिति पनि तोकिएको हुनाले राजनीतिक दल र सरकारको ध्यान निर्वाचन गराउनतर्फ हुने र आर्थिक गतिविधि पनि बढ्ने अवस्थामा बजारमा नक्कली नोट पनि पठाउन सहज हुने भएकाले आपराधिक गिरोह देशका विभिन्न स्थानमा सक्रिय भएका हुन् ।

गत महिनामात्र रक्सोल बोर्डरमा भेटिएका नक्कली नोट केही दिनपछि काठमाडौंमै भेटिनु वित्तीय क्षेत्रका लागि जोखिम बढेको राष्ट्र बैंक वीरगञ्जका निर्देशक सुशील पौडेलले बताए । 'गत महिना मात्रै रक्सोलमा नक्कली नोट भेटिएको थियो, पछिल्लो समय त्यस्तै घटना काठमाडौंमै भइसक्यो,' पौडेलले भने, 'यो अब कुनै स्थान विशेषको नभई राष्ट्रिय समस्याका रूपमा देखापरेको छ ।'

रक्सोलमा नक्कली नोट भेटिएपछि सम्पूर्ण बैंक तथावित्तीय संस्थामा नोट पहिचान मेसिन अनिवार्य गरेको पौडेलले बताए । उनका अनुसार ग्रामीण भेगका अशिक्षित सर्वसाधारण मात्र नभई शिक्षित समेत सक्कली र नक्कली नोटबारे जानकार छैनन् ।

यसमा राष्ट्र बैंकसहित सम्बन्धित सरोकारवाला सबै निकायले नोटसम्बन्धी सचेतना विस्तार गर्न जरुरी रहेको उनले बताए । राष्ट्र बैंकले नगद कारोबार निरुत्साहित गर्दै आए पनि ग्रामीण भेगमा नगद कारोबार नै प्रमुख छ ।

पछिल्लो समय सहरी क्षेत्रका वित्तीय कारोबार आधाभन्दा धेरै विद्युतीय हुने गरे पनि प्रविधिमा अध्यस्त नभएका र अशिक्षितका लागि नगद कारोबार नै मुख्य आधार हो । नक्कली नोट कारोबार बढ्दा ती व्यक्ति बढी जोखिममा पर्ने गर्छन् । साथै, उनीहरूले नक्कली र सक्कली नोट नचिनेर कारोबार गर्दा नक्कली नोट कारोबार गरेको अरोपमा उल्टै फस्ने गरेको पौडेलको भनाइ छ । नेपाली नोटका विशेषता निकै फरक भएकाले पहिचान गर्न सहजै सकिने र नक्कली नोट कारोबारीले त्यसलाई नक्कल गर्न नसक्ने राष्ट्र बैंक प्रवक्ता गुरु पौडेलले बताए । नेपाली नोटका विशेषा सर्वसाधारणसम्म पुऱ्याउन नसकेको स्वीकार्दै पौडेलले यसका लागि समाजका हरेक पक्षको सहयोग हुनुपर्ने औँल्याए ।

'कागजी नोट भने पनि वास्तविकतामा त्यो कागज नभई कटन पेपरले बनेको हुन्छ,' पौडेलले भने, 'नोटमा कटनको पार्ट हुन्छ, त्यसैले सामान्यतया पानीले भिज्दैमा बिग्रिहाल्दैन, यसबारे व्यापक रूपमा प्रचार प्रसार गर्नुपर्छ, चुनावका बेला यस्ता कुरा हुन सक्छन् किनभने यस्तो अपराधी मनोवृत्ति भएकाले यस्तै खालको अनुकूल समय खोजेका हुन्छन् ।'

यस्तो समयमा प्रहरी प्रशासन, बैंक तथा वित्तीय संस्था सबै सजग हुन आवश्यक रहेको उनले बताए । नोटमा जतिसुकै सेक्युरिटी फिचर थपे पनि सर्वसाधारणलाई जानकारी दिन नसकिएको खण्डमा नोट कमजोर रहने उनको भनाइ छ ।

'नेपाली नोटका विशेषता अन्तर्राष्ट्रिय स्तरका छन्,' पौडेलले भने, 'सक्कली नोटका विशेषता नक्कल गर्न नसकिने खालका छन् ।' नक्कली नोट बनाउनेले ५, १०, २०, ५० को भन्दा पनि ठूला दरमा ५ सय, १ हजारका बनाउने भएकाले ती नोटको कारोबार गर्दा सचेत भएर गर्नसमेत उनले सुझाए ।

नेपाली नोटमा भएका विशेषता सहित नक्कली नोट बनाउन ठूलो लागत लाग्ने भएकाले सम्भव नहुने उनी बताउँछन । तर, नोटका विशेषता नै चोरी भएको खण्डमा भने सुरक्षा चुनौती थपिने उनको भनाइ छ ।

सक्कली-नक्कली नोट पहिचानका लागि केन्द्रीय बैंकले आफ्नो स्थानबाट आवश्यक सचेतनाका गतिविधि बढाउँदै आएको उनले बताए । त्यसका लागि केन्द्रीय बैंकसँगै समाजका सबै पक्षले समेत सहयोग गर्नुपर्ने उनको सुझाव छ ।

### कसरी पहिचान गर्ने सक्कली नोट ?

नोट नक्कली वा सक्कली हो भनी छुट्टिने तीन वटा माध्यम छन् । पहिलो छामेर, दोस्रो हेरेर र तेस्रो प्रकाशमा कोल्टो पारेर हेर्ने हो । कागजमा छापिएका नक्कली नोट चिप्ला हुन्छन् । सक्कली नोट तुलनात्मक रूपमा खस्रो हुन्छ । किनभने, सक्कली नोट कटन मिश्रित कागजबाट बनेको हो । नक्कली नोटको प्रिन्ट पनि नमिलेको जस्तो देखिन्छ । सक्कली नोटको प्रिन्ट सफा र स्पष्ट हुन्छ । नयाँ सिरिजका १ हजारको सिरिजमा दृष्टिविहीनलाइ समेत लक्षित गरी बनाइएका छन् । त्यस्तो शंका लागेको खण्डमा प्रकाशमा राखेर हेऱ्यो भने सुरक्षा धागो, पानीछाप र प्रकाशमा नराख्दा आधा देखिने प्रकाश पारेर हेर्दा पूरा देखिन्छ ।

### छामेर नोट पहिचान

नक्कली नोट छाम्दा चिप्ला हुन्छन् । तर, सक्कली नोट छाम्दा अलिकति खस्रो हुन्छ किनभने यसमा कटन प्रयोग गरिएको हुन्छ । यसमा विभिन्न खालका 'इम्बोस्ड फिचर' राखिएको हुन्छ । जसले नोटलाई सरर छाम्दा अग्लो-होचो महसुस हुन्छ । तर, नक्कली नोटमा यस्तो खालको विशेषता हुँदैन ।

### हेरेर नोट पहिचान

नक्कली र सक्कली नोट कतिपय अवस्थामा हेरेर पनि पहिचान गर्न सकिन्छ । त्यसका लागि नोट हेर्दा नै सक्कली हो वा होइन भन्ने खालको आभास हुने फिचर राखिएको हुन्छ । त्यसेगरी सक्कली नोटमा भएको थ्रेड मिलेको हुन्छ । सेक्युरिटी थ्रेड, पानीछाप, नेपालको नक्सा, नेपाल राष्ट्र बैंक लेखेको जस्ता वाटर मार्क हुन्छन् । यी विशेषता नोट हेरेर पनि नक्कली र सक्कली पहिचान गर्न सकिन्छ ।

### प्रकाशमा ढल्काएर नोट पहिचान

नोटलाई अलिकति उज्यालोमा राखेर हेऱ्यो भने 'सेक्युरिटी थ्रेड' र 'पानीछाप' प्रष्ट देखिन्छ । ५ सय र १ हजारका नोटमा प्रकाश नपर्दा आधा देखिने र लाइटमा राख्दा पूरा देखिने फिचर छन् ।

### विशेष फिचर

सक्कली नोट पहिचान गर्न सकिने अन्य विशेषखालका विशेषता पनि छन् । त्यो भनेको पछिल्ला सिरिजका १ हजारका नोटमा दृष्टिविहीनले पनि नोट चिन्न सकुन् भनेर ब्रेल लिपि प्रयोग गरिएको छ । साथै, नोटलाई ढल्काएर हेर्दा रङ परिवर्तन हुने फिचर पनि छ । त्यसैगरी यूभी लाइटबाट पनि सक्कली-नक्कली पहिचान गर्न सकिन्छ । सक्कली नोटमा यूभी लाइट पार्दा नोटको आकार (१०००, ५००) लेखिएको र गभर्नरको हस्ताक्षरमा लाइट आउने तथा प्रकाश परार्वतन हुने गर्छ ।

(स्रोत: अनलाइनखबर)

# स्वस्तिमाले किनिन् ६८ लाखको विद्युतीय गाडी




काठमाडौं/विद्युतीय गाडीप्रति सेलिब्रेटीको आकर्षण बढ्दो छ । अभिनेत्री स्वस्तिमा खड्काले शुक्रबार ६८ लाख रुपैयाँ मूल्य पर्ने महिन्द्राको नयाँ ईभी कार 'बी सिक्स' किनेकी छन् ।

महिन्द्राको नक्साल गैरीधारास्थित शो रुममा अग्नि ग्रुपका अध्यक्ष तथा शार्क ट्यांकका नेपालका शार्क क्याबिनेट श्रेष्ठले स्वस्तिमालाई उक्त कार हस्तान्तरण गरे । 'स्वस्तिमा र हामीले लामो समयदेखि सहकार्य गरिरहेका छौं । उहाँलाई हाम्रो नयाँ कारको ग्राहकको रुपमा पाउँदा खुसी लागेको छ' क्याबिनेटले भने । सो अवसरमा सानोतिनो सेलिब्रेसन नै गरिएको थियो ।

स्वस्तिमा र निश्चल बस्नेतले केक काटेर खुसी मनाए । स्वस्तिमाको यो दोस्रो ईभी कार हो । यसअघि उनले महिन्द्राकै 'एक्सयूभी ४००' मोडलको कार चढ्दै आएकी थिइन् ।

प्रकृतिमैत्री र किफायती पनि हुने भएकाले आफूलाई विद्युतीय गाडी मनपर्ने स्वस्तिमाले बताइन् । 'अब इलेक्ट्रिक गाडी हाम्रो भविष्य नै हो' स्वस्तिमाले भनिन्, 'ड्राइभिङको हिसाबमा पनि तेल किन्दा जति खर्च हुन्थ्यो, ईभीको गाडीमा किफायती हुन्छ । सस्तो पनि पर्छ ।'

सुटिङको लागि आउँदा जाँदा र कामकाजको लागि पनि महिन्द्राको ईभी गाडी सहज हुने गरेको अनुभव उनले सुनाइन् । अग्नि ग्रुपका सेल्स म्यानेजर सागर भट्टराईका अनुसार 'बी सिक्स' मोडलको गाडीलाई हालै आयोजित नाइमा अटो प्रदर्शनीमा लन्च गरिएको थियो । 'यो गाडीलाई लिएर हामीले सोचेजस्तो राम्रो रेस्पोन्स पाएका छौं । धेरैजना हाम्रै गाडी किन्ने भनेर बसिरहनुभएको छ' उनले भने ।

अग्नि ग्रुपले दुई सातादेखि नेपाली बजारमा यो मोडलको ईभी गाडीको विक्री थालेको हो । 'यस्तो किसिमको गाडी खासै नेपालमा उपलब्ध छैन । नेपालको बाटो सुहाउँदो, खाल्डाखुल्डी र साँघुरो बाटोमा पनि राम्रोसँग चल्ने भएकाले धेरैको रोजाइमा यो छ' भट्टराईले भने ।

# प्रवीणले सकाए 'बब डाइ'को छायांकन, मुख्य भूमिकामा सौगात



काठमाडौं/'मोक्ष' निर्देशक प्रवीण श्रेष्ठले १२ वर्षपछि निर्देशनमा कमब्याक गरेको फिल्म 'बब डाइ'को छायांकन सकिएको छ । बिहीबार कीर्तिपुरमा अन्तिम दृश्य खिच्दै ४२ दिनमा फिल्मको छायांकन पूरा भएको हो । कीर्तिपुर भन्दा अगाडि चन्द्रागिरी क्षेत्रमा फिल्मको छायांकन गरिएको थियो । स्क्रिप्टका दृश्यको सम्पूर्ण छायांकन सकिए पनि दुई गीत भने खिच्न बाँकी राखिएको छ ।

रोटेपिङ्ग इन्टरटेन्मेन्टको प्रस्तुति र श्रीराम बालाजी फिल्म्सको सहकार्यमा निर्माण भएको फिल्ममा सौगात मल्ल, सिम्रन पन्त, सन्तोष पन्त, विशाल पहाडी, प्रमोद अग्रहरी, कामेश्वर चौरासिया, यमन श्रेष्ठ, कृष्णभक्त महर्जन लगायतको अभिनय रहेको छ । फिल्ममा सौगातले बब डाइको भूमिका निभाएका छन् । नेवारी भाषामा दाइलाई डाइ भनिन्छ ।

राजेश घिमिरे, रोशन भट्टराई र सुनिल मानन्धर निर्माता रहेको फिल्ममा मैनिषा गौचन र प्रवीन श्रेष्ठको लेखन छ भने श्याम तामाङ छायाँकारमा छन् । फिल्मको सम्पादन निर्देशक श्रेष्ठ आफैंले गर्नेछन् ।

यसमा कोरियोग्राफीको रुपमा किरण थापा र सृष्टि महर्जन रहेका छन् भने शंकर महर्जनको द्वन्द्व निर्देशन छ । फिल्मले कीर्तिपुरको मौलिक कथा भन्ने जनाइएको छ ।

# क्षमताको आधा पनि उत्पादन गर्न सकेनन् नेपालका उद्योगले

काठमाडौं/नेपालका उद्योगहरू अहिले पनि क्षमताको आधाभन्दा कम उत्पादनमा चलिरहेको पाइएको छ । नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको आर्थिक वर्ष २०८१/८२ को आर्थिक गतिविधि अध्ययन २०८१/८२ को वार्षिक एकीकृत प्रतिवेदन अनुसार उद्योगको औसत क्षमता उपयोग ४४.५ प्रतिशत मात्र रहेको छ । जुन २०८०/८१ को तुलनामा समेत कम हो ।

यसले समग्र अर्थतन्त्रमा प्रभाव पारेको छ । यस आव अर्थतन्त्र विस्तार ४ प्रतिशतमात्र भएको छ । नेपालको अर्थतन्त्रमा उद्योग क्षेत्रको योगदान १२.८ प्रतिशत छ । राष्ट्र बैंकका अनुसार गत आवमा टायर तथा ट्यु उद्योगको क्षमता उपयोग सबैभन्दा बढी ९० प्रतिशत छ । घिउ उत्पादन गर्ने उद्योगको क्षमता भने सबैभन्दा कम १.१० प्रतिशतमात्र उपयोगमा आएको देखिएको छ ।

गत आव वनस्पति घिउ, भटमासको तेल, बिस्कुट, चाउचाउ, बियर, चुरोट, सिन्थेटिक कपडा, लत्ताकपडा, कच्चा छाला, प्लाइउड उत्पादन बढेको पाइएको छ । यसैगरी ट्याबलेट औषधि, क्याप्सुल, ओइन्टमेन्ट, ड्राइ सिरप, लिक्विड, साबुन, प्लास्टिकका सामान, फलामको छड तथा पत्ती, स्टिलजन्य उत्पादन, जीआई पाइप र ट्रान्स्फर्मर उत्पादन गर्ने उद्योगको समेत उत्पादन क्षमता उपयोग बढेको छ ।

तोरीको तेल, प्रशोधित दूध, चामल, गहुँको पिठो, पशुदाना, चिनी, चकलेट, प्रशोधित चिया, मदिरा, हल्का पेय पदार्थ उत्पादन गर्ने उद्योगको क्षमता उपयोग घटेको छ । यसैगरी धागो, पश्मिना, जुटका सामान, चिरेको काठ, कागज, रोजिन, रङ, पोलिथिन पाइप, इँटा, सिमेन्ट, कंक्रिट, जीआई तार, घरेलु धातुका सामान, आल्मुनियम उत्पादन, बिजुलीका तार र केबुल, टायर तथा ट्युब, चप्पल र बिजुली उत्पादन गर्ने उद्योगको क्षमता उपयोग घटेको राष्ट्र बैंकले जनाएको छ ।

तथ्यांक अनुसार उक्त आव मधेश र कर्णाली प्रदेशको उद्योगको औसत क्षमता उपयोग बढेको छ । कोशी, बागमती, गण्डकी, लुम्बिनी र सुदूरपश्चिम प्रदेशको उद्योगको औसत क्षमता उपयोग घटेको छ । २०८२ असार मसान्तसम्म बैंक तथा वित्तीय संस्थाले प्रवाह गरेको कुल कर्जामा औद्योगिक क्षेत्र कर्जाको अंश ३०.४२ प्रतिशत देखिन्छ । यस अवधिसम्म औद्योगिक क्षेत्रमा प्रवाह गरेको कर्जा १६ खर्ब ९९ अर्ब ४९ करोड पुगेको छ । यो गत आवको सोही अवधिभन्दा ९.३५ प्रतिशतले बढी हो ।

यस्तो कर्जा सबैभन्दा बढी गैरखाद्य वस्तु उत्पादन सम्बन्धी उद्योगमा ३५.२७ प्रतिशत, विद्युत, ग्यास तथा पानी सम्बन्धी उद्योग २६.२६ र कृषि वन तथा पेय पदार्थ सम्बन्धी उद्योग २१.८५ प्रतिशत कर्जा प्रवाह भएको छ । यसैगरी निर्माण सम्बन्धी उद्योगमा ११.७० प्रतिशत, धातुका उत्पादन, मेसिनरी तथा इलेक्ट्रोनिक सम्बन्धी उद्योग ४.२३ र सबैभन्दा कम खानी सम्बन्धी उद्योगमा ०.६९ प्रतिशत कर्जा प्रवाह भएको तथ्यांक छ । प्रवाहित कर्जामध्ये बागमती प्रदेशमा सबैभन्दा धेरै १२ खर्ब ८० अर्ब ९७ करोड रुपैयाँ रहेको छ । त्यसपछि कोशी र लुम्बिनीमा धेरै छ ।

### ७ सय उद्योग थपिए

उद्योग दर्ता तथ्यांक भने उत्साहजनक छ । एक वर्षमा उद्योग विभागमा कुल ७ सय उद्योग दर्ता भएको देखिएको छ । जसमध्ये पर्यटन क्षेत्रमा २ सय ३५, सेवा क्षेत्र १ सय १०, उत्पादनमूलक क्षेत्र १ सय ६, सूचना तथा प्रविधि १ सय ८५, कृषि तथा वन १२, पूर्वाधार २ र खनिजजन्य १२ उद्योग दर्ता भएको विभागको तथ्यांक छ ।

तीमध्ये ६८ ठूला, ५४ मझौला र ५ सय ७८ साना उद्योग छन् । यी उद्योगमा २५ खर्ब ८१ अर्ब १८ करोडको कुल पूँजी परिचालन हुने र ३५ हजार १ सय ४१ रोजगारी सिर्जना हुने अनुमान छ । दर्ता उद्योगमध्ये ५ सय ४३ बागमती प्रदेशमा छन् । कर्णालीमा एउटामात्र उद्योग दर्ता भएको छ ।

कुन प्रदेशमा कति उद्योग दर्ता ?
कोशी : ४२
मधेश: ३०
बागमती : ५४३
गण्डकी : ३०
लुम्बिनी : ४३
कर्णाली : १
सुदूरपश्चिम : ११

### नवीनतम उद्योग खुलेनन्, पराम्परागतलाई कच्चापदार्थ अभाव

अध्ययनले नवीनतम उद्योग स्थापना तथा सञ्चालन प्रक्रियागत जटिलताका कारण नयाँ उद्योगमा लगानी आउन नसकेको देखाएको छ । अर्कातर्फ, नेपाली उद्योगले सडक पूर्वाधार समयमै पुनर्निर्माण नहुँदा कच्चापदार्थ ढुवानी र उत्पादित वस्तुको बजारीकरणमा समस्या भोगिरहेको देखिएको छ । युवा विदेश पलायन हुँदा जनशक्ति अभाव र सरकारले पूँजीगत खर्च गर्न नसक्नुलाई समेत मुख्य चुनौती मानिएको छ ।

राजनीतिक अस्थिरताका कारण उद्योगहरूले सुरक्षा चुनौती समेत भोगिरहेका छन् । अवैध व्यापार नियन्त्रण गर्न नसक्दा स्वदेशी उत्पादन मारमा परेको देखिएको छ । परम्परागत उद्योगको उत्पादन लागत बढी हुँदा प्रतिस्पर्धात्मक क्षमता बढाउन सकिएको छैन ।

नेपालका अधिकांश सडक अहिले निर्माण चरणमा छन् । तर, ठेक्का लागेको समय अवधिभित्र नसकिने समस्याले ढुवानी लागत बढेको छ । बागमती प्रदेशका उद्योगले जग्गाको चर्को मूल्यका कारण प्रतिस्पर्धी क्षमता घटेको गुनासो गरेका छन् । अधिकांश उद्योग कच्चापदार्थका लागि आयातमा भर पर्नुपर्ने बाध्यतामा नेपाली उद्योग छन् ।

### परनिर्भरता हटाउन स्वदेशी उद्योगमा जोड दिन सकिने सम्भावना

राष्ट्र बैंकले आफ्नो अध्ययनमा औद्योगिक विकासका लागि सम्भावना समेत उजागर गरेको छ । प्राकृतिक स्रोत उपलब्धता, तुलनात्मक सस्तो जनशक्ति, बढ्दो बैकिङ पहुँच, घट्दै गरेको ब्याजदर, स्वदेशी वस्तु उत्पादन र प्रयोगमा सरकारको प्राथमिकता, बढ्दै गएको प्रविधि प्रयोग, कृषिजन्य उत्पादन प्रचुर हुने भएकाले नेपालमा औद्योगिक विकासको राम्रो सम्भावना रहेको देखाएको छ ।

सिमेन्ट, स्टिल, चिया, जस्तापाता, पेन्ट, विद्युतीय केबुल तथा कन्डक्टर लगायत उद्योग आत्मनिर्भरतातर्फ उन्मुख रहेको समेत देखिएको छ । यसबाट यी वस्तुको आयात घट्दै निर्यात प्रवर्द्धन गर्न सकिने सम्भावना औँल्याइएको छ ।

अध्ययनले कोशीमा जडीबुटी प्रवर्द्धनको सम्भावना औँल्याएको छ । मधेशमा औद्योगिक जोन विकास गर्न सकिने सम्भावना देखाइएको छ । बागमतीमा बजारीकरण र खपत सम्भावना अधिक देखिएको छ । गण्डकीमा मध्यपहाडी लोकमार्ग छेउछाउका स्थानलाई आर्थिक केन्द्रका रूपमा विकास गरी साना तथा मझौला उद्योग विकासको सम्भावना औँल्याइएको छ ।

लुम्बिनीमा प्राकृतिक वस्तु र खनिज निकासी सम्भावना देखाइएको छ । कर्णालीमा समेत खानी र जलविद्युत् क्षेत्रको विकासको सम्भावना छ । सुदूरपश्चिम प्रदेशमा विदेशबाट फर्केका युवाको सिप उपयोग गरी उद्यम विकास गर्दै अर्थतन्त्र उकास्न सकिने सम्भावना देखाइएको छ ।

(स्रोत: अनलाइनखबर)

# प्रवीणले सकाए 'बब डाइ'को छायांकन, मुख्य भूमिकामा सौगात

काठमाडौं/'मोक्ष' निर्देशक प्रवीण श्रेष्ठले १२ वर्षपछि निर्देशनमा कमब्याक गरेको फिल्म 'बब डाइ'को छायांकन सकिएको छ । बिहीबार कीर्तिपुरमा अन्तिम दृश्य खिच्दै ४२ दिनमा फिल्मको छायांकन पूरा भएको हो । कीर्तिपुर भन्दा अगाडि चन्द्रागिरी क्षेत्रमा फिल्मको छायांकन गरिएको थियो । स्क्रिप्टका दृश्यको सम्पूर्ण छायांकन सकिए पनि दुई गीत भने खिच्न बाँकी राखिएको छ । रोटेपिङ्ग इन्टरटेन्मेन्टको प्रस्तुति र श्रीराम बालाजी फिल्म्सको सहकार्यमा निर्माण भएको फिल्ममा सौगात मल्ल, सिम्रन पन्त, सन्तोष पन्त, विशाल पहाडी, प्रमोद अग्रहरी, कामेश्वर चौरासिया, यमन श्रेष्ठ, कृष्णभक्त महर्जन लगायतको अभिनय रहेको छ । फिल्ममा सौगातले बब डाइको भूमिका निभाएका छन् । नेवारी भाषामा दाइलाई डाइ भनिन्छ ।

राजेश घिमिरे, रोशन भट्टराई र सुनिल मानन्धर निर्माता रहेको फिल्ममा मैनिषा गौचन र प्रवीन श्रेष्ठको लेखन छ भने श्याम तामाङ छायाँकारमा छन् । फिल्मको सम्पादन निर्देशक श्रेष्ठ आफैंले गर्नेछन् । यसमा कोरियोग्राफीको रुपमा किरण थापा र सृष्टि महर्जन रहेका छन् भने शंकर महर्जनको द्वन्द्व निर्देशन छ । फिल्मले कीर्तिपुरको मौलिक कथा भन्ने जनाइएको छ ।




## ब्लु हेवन टेलर्स सरेको सूचना

हेटौडा बुद्धचोक मेनरोडमा रहेर यहाँहरुको सेवामा लामो समयदेखि समर्पित यस ब्लु हेवन टेलर्स कान्तिराजपथस्थित शाक्य प्लाजा भवनमा सरेको सम्पूर्णमा जानकारी गराउँदछौं ।

ब्लु हेवन टेलर्स
हेटौंडा-२, कान्तिराजपथ
९८४५०२२९८१

## के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

'जबजका आयाम' पुस्तक लोकार्पण

# जबजमाथिको आलोचनात्मक लेख पनि समावेश गर्नुपर्ने

साझाकुरा संवाददाता

हेटौंडा, १८ पुस/मदन भण्डारी फाउन्डेसन मकवानपुरले प्रकाशनमा ल्याएको 'जबजका आयाम' पुस्तक शुक्रबार हेटौंडामा लोकार्पण गरिएको छ ।

नेपालका प्रख्यात कम्युनिस्ट नेता तथा जनताको बहुदलीय जनवाद (जबज) का सिद्धान्तकार जननेता मदन भण्डारीको विचार, दर्शन र बहसलाई समेट्ने उद्देश्यका साथ प्रकाशित पुस्तकको बागमती प्रदेशका प्रथम मुख्यमन्त्री डोरमणि पौडेलको प्रमुखआतिथ्यतामा लोकार्पण भएको हो । फाउन्डेसन मकवानपुरका संस्थापक अध्यक्ष श्रीचन्द्र शर्माको स्मृतिमा स्थापीत श्रीचन्द्र शर्मा स्मृति सम्मनबाट सम्मनित व्यक्तिहरु क्रमश बमबहादुर लामा, ईश्वरीप्रसाद न्यौपाने, सुभद्रा रेग्मीलगायतले लोकर्पण गरे ।



प्रा.डा.शंकरप्रसाद उपाध्याय, घनश्याम घिमिरे र बोलबहादुर कार्कीले सम्पादन गरेको पुस्तकमा मकवानपुरको कम्युनिस्ट आन्दोलन, विचारमूलक लेख, शैक्षिक, औद्योगिक र सामाजिक क्षेत्रसँग सम्बन्धित लेखका साथै अन्तरवार्ता तथा फाउन्डेसनले आयोजना गरेको कविता प्रतियोगिताका उत्कृष्ट कविता समावेश गरिएका छन् । पुस्तकबारे हेटौंडा क्याम्पसका सहायक क्याम्पस प्रमुख मनोज पोखरेल र रमेशमोहन अधिकारीले समीक्षात्मक टिप्पणी गरेका छन् । समीक्षकहरुले जबजलाई पार्टी दस्तावेजका रुपमा मात्र नभई समाज, साहित्य, कला, संस्कृति, शिक्षा, अर्थतन्त्र र सामाजिक रुपान्तरणको अभ्यासकारुपमा बुझ्नुपर्नेमा जोड दिएका थिए ।

मदन भण्डारीको जीवन, विचार, जीवनशैली र उतारचढावबारे जान्न इच्छुक पाठकका लागि पुस्तक उपयोगी रहेको उनीहरुको भनाइ थियो । पुस्तकमा समेटिएका लेखले नेपाली कम्युनिस्ट आन्दोलन र जबजको मार्गचित्र कोर्ने प्रयास गरेको समीक्षकहरुले बताए । लोकतान्त्रिक विधि र प्रतिस्पर्धा, सांस्कृतिक, आर्थिक र सामाजिक पक्षलगायत जनताको बहुदलीय जनवादका विभिन्न आयामलाई पुस्तकमा प्रस्तुत गरिएको भन्दै समीक्षक पोखरेलले पुस्तकलाई वैचारिक, सन्दर्भिक र सृजनात्मक गरी तीन आयाममा समेटिएको जानकारी दिए ।

कार्यक्रममा जबजमाथि आलोचनात्मक लेख पनि समावेश गर्नुपर्ने र विद्यार्थी तथा कलेजका पुस्तकालयसम्म पनि पुस्तक पुऱ्याउनुपर्ने सुझाव दिइयो । सम्पादक मण्डलका तर्फबाट घनश्याम घिमिरेले जबज वैचारिक र व्यवहारिक दुवै दृष्टिकोणबाट समाजका लागि आवश्यक सिद्धान्त र अभ्यास भएको धारणा राखे । जबजलाई कम्युनिस्टको लागि मात्र सीमित नगरी समग्र समाजका लागि उपयोगी विचारकारुपमा बुझ्नुपर्ने उनको भनाइ थियो । प्रदेशका प्रथम मुख्यमन्त्री पौडेलले जनताको बहुदलीय जनवाद (जबज) मदन भण्डारीको विचार र व्यक्तित्वलाई नयाँ पुस्तामा पुस्तान्तरण गर्न पुस्तक प्रभावकारी हुने विश्वास व्यक्त गरे ।

उनले कुनैपनि सिद्धान्त नभएका नयाँ पुस्तालाई जबजको नीति, मूल्य र मान्यता बुझाउन आवश्यक रहेकोमा जोड दिए । जबज नेपालमा मात्र सीमित नभई विश्व कम्युनिस्ट आन्दोलनमा समेत तरंग सिर्जना गर्न सफल भएको दाबी गर्दै उनले धरापमा परेको विश्व कम्युनिस्ट आन्दोलनलाई जबजले बचाउने कार्य गरेको जिकिर गरे । मदन भण्डारीलाई कुनै एक दलको मात्र नभई सबैका नेताको रुपमा चित्रण गर्दै उनले प्रतिस्पर्धाबाट श्रेष्ठता कायम गर्न सकिने मूलमर्म नै जबजको आधार भएको बताए । हाल सबै राजनीतिक दलले जबजको मूल भावना स्वीकार गरिसकेको उनको भनाइ रहेको थियो ।

कार्यक्रममा नेपाली कांग्रेस मकवानपुरका सभापति बुद्ध लामाले मदन भण्डारीका बारेमा बुझ्न, खोज अध्ययन अनुसन्धान गर्न चाहने र अघिल्लो पुस्ताले गरेका कामलाई पछिल्लो पुस्तालाई बुझाउन पुस्तक उपयोगी हुने बताए । अहिलेको अवस्थामा जबजको सान्दर्भिकता बढ्दै गएको र यो कुरा नयाँ पुस्तामा पुऱ्याउन जरुरी रहेको उनको भनाई थियो । ३१४ पृष्ठको पुस्तकमा विभिन्न व्यक्तित्वको बिचार, लेख, कविताका साथै जबजको सैद्धान्तिक पृष्ठभूमि, ऐतिहासिक विकासक्रम, नेपाली राजनीतिमा यसको प्रयोग, विद्यमान चुनौती तथा भविष्यका सम्भावनाबारे विश्लेषण समेटिएको छ ।

फाउन्डेसन मकवानपुरका अध्यक्ष रघुनाथ खुलालको अध्यक्षतामा भएको कार्यक्रममा राष्ट्रियसभा पूर्वसदस्य केदार न्यौपाने, रामचन्द्र राई, संविधानसभा सदस्य दिलबहादुर घिसिङ, नेकपा एमालेका केन्द्रीय सदस्य रामेश्वर राना, केन्द्रीय लेखा आयोग सदस्य नवीन सिग्देल, नेपाली कांग्रेस मकवानपुरका सभापति बुद्ध लामा, भूमि समस्या समाधान आयोग मकवानपुरका अध्यक्ष बलराम बललगायतको आतिथ्यता रहेको थियो ।

# संघको वार्षिकोत्सवमा सम्मान तथा साँस्कृतिक कार्यक्रम



साझाकुरा संवाददाता

हेटौंडा, १८ पुस/जिल्ला बचत तथा ऋण सहकारी संघ लिमिटेडको २१ औं वार्षिकोत्सवमा सम्मान तथा विविध साँस्कृतिक कार्यक्रम गरिएको छ ।

संघले शुक्रबार जिल्लाभित्र रहेका विभिन्न कलासंस्कृति र भेषभूषालाई प्राथमिकतामा राख्दै वार्षिकोत्सव मनाएको हो । संघका अध्यक्ष कल्पना श्रेष्ठको अध्यक्षता तथा हेटौंडा उपमहानगरका प्रमुख मीनाकुमारी लामाको प्रमुख आतिथ्यतामा कार्यक्रम भएको हो । कार्यक्रममा विभिन्न विधामा सहकारी, सहकारी अभियन्ता, कर्मचारीलाई सम्मान गरेको छ । संघले यसवर्ष सर्वोत्कृष्ट महिला साकोसतर्फ हेटौंडा-१२ को महिला सेवा साकोस र मिश्रित साकोसतर्फ हेटौंडा-१५ को जनचेतना साकोसलाई सम्मान गरेको छ ।

सहकारी अभियानकर्मी सम्मानतर्फ राधा सिन्तान र भोजमान श्रेष्ठलाई सम्मान गरेको छ । उत्कृष्ट सहकारी कर्मचारीतर्फ महिला जनशक्ति साकोसका व्यवस्थापक माया तामाङ र सञ्जीवनी साकोसका व्यवस्थापक प्रकाशबहादुर खनाललाई सम्मान गरेको छ । संघले उत्कृष्ट दैनिक कारोबारकर्तातर्फ गणपति साकोस, कुल सम्पति २० करोड माथीको सर्वाधिक बचत जम्मागर्ने जनकल्याण साकोस, ऋण परिचालन गर्ने बज्रबाहारी साकोस र शेयर खरिद गर्ने महिला मिलन साकोसलाई पुरस्कृत गरिएको थियो ।

७ करोड माथी कुल सम्पति भएकामध्ये धेरै बचत गर्ने महिला कल्याण साकोस, ऋण परिचालन गर्ने प्रतिफल साकोस, शेयर खरिद गर्ने दिव्यज्योति महिला साकोस, कुल सम्पति ७ करोड भएकामध्ये धेरै बचत गर्ने सृजनशील महिला साकोस, ऋण परिचालन गर्ने पाथिभरा साकोस, शेयर खरिद गर्ने पासाङल्हामु महिला विकास साकोसलाई पुरस्कृत गरिएको थियो । कार्यक्रममा सहभागीलाई आफ्नो जातधर्म अनुरुपका पोशाकमा आउन आग्रह गरसँगै उत्कृष्ट पोषाक लगाउने १० जनालाई उपहार प्रदान गरिएको थियो । तामाङ, थारु, चेपाङ, नेवार, मगर माझी लगायत अन्य पहिरनमा नृत्य प्रस्तुत गरिएको थियो ।

कार्यक्रममा जिल्ला बचत संघका सल्लाहकार बद्रीप्रसाद लम्साल, जिल्ला सहकारी संघका अध्यक्ष नारायणप्रसाद देवकोटा, हेटौंडा उपमहानगरका सहकारी शाखाप्रमुख महेन्द्र चापागाई, जिल्ला बहुउद्देश्यीय सहकारी संघका अध्यक्ष रामहरि न्यौपाने, संघका निवर्तमान अध्यक्ष राधा सिन्तान, राष्ट्रिय सहकारी बैंकका प्रमुख समीर श्रेष्ठ, नेफ्स्कुन हेटौंडाका प्रमुख ज्योति महत, संघका सल्लाहकार पार्वती राना, उत्तम शर्मा ढकाल, लेखा समिति संयोजक मिठाराम दाहालगायतको आतिथ्यता रहेको थियो ।

संघले शुक्रबार बिहान रक्तदान कार्यक्रम गरेको थियो । हेटौंडा-२ स्थित संघकै कार्यालय परिसरमा भएको कार्यक्रममा २१ जनाले रक्तदान गरेका छन् । संघकी अध्यक्ष श्रेष्ठको अध्यक्षता तथा हेटौंडा उपमहानगरउपप्रमुख राजेश बानियाँको प्रमुख आतिथ्यमा रक्तदान भएको हो । रक्तदान कार्यक्रममा रक्तसञ्चार केन्द्र हेटौंडाको प्राविधिक सहयोग रहेको थियो ।

# हेटौंडा-३ तिनताप्केबाट अजिंगरको उद्दार



साझाकुरा संवाददाता

हेटौंडा, १७ पुस/हेटौंडा उपमहानगरपालिका वडा नम्बर-३,स्थिततिनताप्केबाट अजिंगर सर्पको उद्दार गरिएको छ । बिहीबार अजिंगर सर्प आएको खबर स्थानीय वासिन्दाहरुले दिएपछि मकवानपुरका सर्प उद्दारकर्ता राजेश थापा (गरिब) र रोशन थापा (दीपल)ले घटनास्थलमै पुगेर सर्पको सकुशल उद्दार गरेका हुन् । करिब डेड घण्टाको संघर्षपछि सफलतापूर्वक अजिंगर सर्पको सफला पूर्व तरिकाले उद्दार गर्न सफल भएका हुन् । सर्प उद्दारकर्ता राजेश थापा गरिब र रोशन थापा दीपले सर्प उद्दार पछि डिभिजन वन कार्यालय मकवानपुरलाई पनि खबर गरेको बताएका छन् । करिब ८ देखि १० फिट र ८ किलो तौल भएको उक्त अजिंगर सर्पलाई सव डिभिजन वन कार्यालय वसमाडीसँगको समन्वयमा उद्दार गरेको वन अधिकृत रोहित खतिवडाले बताएका छन् ।

तिनताप्केको उक्त स्थानमा सर्प देखिएपछि करिब २० जनाको हाराहारीमा स्थानीय वासिन्दाहरु तथा अन्य व्यक्तित्वहरुको भीड लागेको थियो । यस अघि पनि हेटौंडा-३ को उक्त स्थानबाट २ पटक अजिंगर भेटिएको उनले बताए । वन अधिकृत रोहित खतिवडाका अनुसार कार्यालयबाट ६ जना कर्मचारी र उद्दारकर्ता २ जनागरी ८ जना मिलेर उद्दार गरिएको उक्त अजिंगर सर्पलाई सुरक्षित वास स्थानमा छोडिएको उनले बताए । सर्प उद्दार गरिएको उक्त स्थान निकुञ्ज क्षेत्रको मध्य वर्गमा पर्ने उनले बताए । यस। अघि पनि हेटौंडाको विभिन्न स्थानबाट ३ पटक अजिंगर सर्प भेटिएको थियो ।

करिब डेढ महिना पहिले अजिंगर उद्दार गरिएको स्थानमा बाघ आएको भन्ने खबर फैलिएपछि हामीले त्यहाँ निरीक्षण गर्न पुगेका थियौं,, तर खुट्टाको पाहिलोको परीक्षणले चितुवाको अनुमान गरिएको थियो । उनले भने । विषालु वा अविषालु जुनसुकै सर्प भए पनि मार्ने होइन, उद्दार गरी जंगलमा फिर्ता पठाउने संस्कृतिको विकास गर्न आवश्यक रहेको उद्दारकर्ता राजेशको भनाइ छ । सर्पहरूले वातावरण सन्तुलन कायम गर्न ठूलो भूमिका खेलेको र खाद्य श्रृंखलामा महत्वपूर्ण स्थान ओगटेको उद्दारकर्ता रोशनले बताए ।

अविषालु प्रजातिको अत्यन्त बलियो अजिंगर सर्प ३-४ मिटर, कहिलेकाहीं ५ मिटरभन्दा बढी र ३० देखि ६० किजो तौलको हुने गरेको छ । इन्डियन रक पाइथन प्राय: जंगल, घाँसे मैदान, नदी-तालको किनार, दलदल र खेतीयोग्य क्षेत्र नजिक पाइने गरिएको छ । हरिण, बाखा, सुँगुर कुकुर, बिरालो, चराचुरुङ्गी जस्ता सिकारलाई शरीरले बेरेर निचोरेर मार्छ र पूरै निल्ने गरेको छ । नेपालमा यो सर्प विशेषगरी तराई र चुरे क्षेत्र मा पाइन्छ ।

मकवानपुर जिल्लामा किङ कोब्राका अतिरिक्त मोनोस्लेड कोब्रा, स्पेक्टिकल कोब्रा, बेन्डेड करेट, कोरल स्नेक, ग्रीन पिट भाइपर र रेडनेक किलब्याकजस्ता विषालु सर्पहरू उद्दार गरेको उनले बताए । सर्प विशेषज्ञहरूले गरेको खोज अनुसार नेपालको दुई हजार मिटर सम्मको उचाइमा पनि सर्पहरू पाइने गरेका छन् । त्यस्तैगरि हल्का विषालु सर्पहरुमा फ्रोस्टेन क्याट स्नेक, अर्नेट्र्लाइड स्नेक, कमन क्याट स्नेक भेटिने गरेका छन् । केहि अविषालु सर्पहरु जस्तै: कपर हेडेट ट्रिङ्केट, कमन ट्रिङ्केट, ट्वीन स्पोटेट, उल्फ् स्नेक, बफस्ट्रीप्ड किलव्याक, चेकर्ड किलव्याक स्नेक, ऱ्याट स्नेक, ब्रोन्जव्याक ट्रि स्नेक पनि भेटिने गरेका छन् ।

# प्रशंसा चर्च हेटौंडा-४ द्वारा अंग्रेजी वर्ष २०२६ को स्वागत

साझाकुरा संवाददाता

हेटौंडा, १८ पुस/ हेटौंडा-४ स्थित प्रशंसा चर्चले अंग्रेजी वर्ष २०२५ लाई बिदाइ गर्दै अंग्रेजी नयाँवर्ष २०२६ लाई स्वागत गरेको छ । कार्यक्रममा चर्चका सदस्यले विभिन्न धार्मिक तथा सांस्कृतिक कार्यक्रम प्रस्तुत गर्दै येशू खीष्टको प्रशंसा गरेका थिए ।



उनीहरुले वर्ष २०२५ मा आफ्नो परिवार तथा व्यक्तिगत जीवनमा भएको उन्नति प्रगतिका अनुभव सार्वजनिक गर्दै एकअर्कासँग खुशी साटासाट गरेका थिए । कार्यक्रमबारे जानकारी दिँदै चर्चका पास्टर बिश्नु बिडारीले नयाँवर्षको अवसरमा सदस्यबीच आपसी प्रेम, सद्भाव र आत्मिक उत्साह देखिएको बताए । उनका अनुसार, चर्चका सदस्यले येशू खीष्टको आज्ञाअनुसार नयाँवर्षसँगै आफ्नो जीवनलाई पनि नयाँसोच, सकारात्मक विचार र सही मार्गमा अघि बढाउने प्रतिबद्धता व्यक्त गरेका छन् । यस अवसरमा सदस्यहरुले एकअर्काको उन्नति र प्रगतिप्रति खुशी व्यक्त गर्दै धन्यवाद प्रकट गरेका थिए ।

# प्रभु महालक्ष्मी लाइफ इन्स्योरेन्सको अध्यक्षमा सम्भना अर्याल नियुक्त

साझाकुरा संवाददाता

हेटौंडा, १८ पुस/प्रभु महालक्ष्मी लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको सञ्चालक समितिको अध्यक्षमा हेटौंडा-५ की सम्भना अर्याल (अस्मिता सुमार्गी) नियुक्त भएकी छन् ।

कम्पनीको पुस १३ गते बसेको सञ्चालक समितिको बैठकले अर्याललाई अध्यक्षमा नियुक्त गर्ने निर्णय गरेको हो । सुमार्गी रेडियो थाहासंचार, हेटौंडा एकेडेमीलगायतका प्रतिष्ठानमा आबद्ध छिन् । लायन्स, रोटरी जस्ता अन्तराष्ट्रिय क्लबमा रहेर सामाजिक कार्यमा पनि सक्रिय सुमार्गी बैंक तथा बित्तीय कम्पनी, बीमा कम्पनीका संचालक हुन् ।

यसअघि कम्पनीको अध्यक्ष रहेकी शिक्षा भट्टचनले राजीनामा दिएपछि पदरिक्त थियो । कम्पनीको रिक्त सञ्चालक समितिको सदस्यको पदमा संस्थापक शेयरधनीको प्रतिनिधित्व गर्ने गरी संस्थापक शेयर धनी क्लाउड मण्डप प्रालिको तर्फबाट छनबहादुर भट्टचन नियुक्त भएका छन् । ५ अर्ब १० करोड चुक्तापूँजी रहेको प्रभु महालक्ष्मी लाईफ ईन्स्योरन्स कम्पनीले देशभरका शाखाबाट नेपाली नागरिकलाई बीमा सेवा उपलब्ध गराइरहेको छ ।

# समुदायस्तरमै रोगको शीघ्र पहिचान र नियन्त्रणका लागि निर्देशिका जारी

साझाकुरा संवाददाता

हेटौंडा, १८ पुस/ स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले 'समुदायमा आधारित रोग निगरानी निर्देशिका, २०८२' जारी गरेको छ ।

स्वास्थ्य मन्त्रालयले शुक्रबार सार्वजनिक गरेको निर्देशिका मन्त्रीस्तरबाट २०८२ मङ्सिर १४ गते स्वीकृत भएको हो । निर्देशिका कार्यान्वयनले जलवायु परिवर्तन र नयाँ सङ्क्रामक रोगको बढ्दो चुनौतीलाई मध्यनजर गर्दै समुदायस्तरमै रोगको शीघ्र पहिचान र नियन्त्रणका लागि महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिएको छ । नसर्ने रोगको शीघ्र पहिचानका लागि समुदायमा देखिने अनपेक्षित जनस्वास्थ्य घटना र सङ्क्रामक रोगको तत्काल पहिचान गर्नाका साथै महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका, शिक्षक र सामाजिक अगुवामार्फत स्वास्थ्यसंस्थामा २४ घण्टाभित्र द्रुत सूचनाप्रवाह गर्ने उल्लेख छ ।




आधुनिक डिजिटल प्रणालीमार्फत् तथ्यांक संकलन र विश्लेषण गर्ने, संघ, प्रदेश र स्थानीय सरकारबीच प्रभावकारी समन्वय र जिम्मेवारी बाँडफाँड गरी तीन तहबीच समन्वय गर्ने पनि निर्देशिकामा भनिएको छ । जोखिमका आधारमा तत्काल 'रेस्पोन्स' टोली परिचालन गरिने जनाइएको छ । समुदायमा कुनै अनपेक्षित स्वास्थ्य समस्या देखिएमा तुरुन्त नजिकैको स्वास्थ्य संस्था वा 'हेलो स्वास्थ्य'को नम्बर १११५ मा जानकारी गराउन मन्त्रालयले अनुरोधसमेत गरिएको छ ।

**Account सम्बन्धी काम गर्ने २ जना कर्मचारी आवश्यकता**

हेटौंडा बजारमा निम्न अनुसारको कर्मचारी आवश्यता भएको इच्छुकले सम्पर्क राख्नुहोला।

१. उमेर : ३० वर्ष पूरा भएको ।
२. महिला : १ जना, पुरुष: १ जना
३. कम्प्युटरमा हिसाब राख्न सक्ने अनुभवीलाई प्राथमिकता ।
४. अडिटर अफिस वा अन्य कुनै ठाउँमा Account सम्बन्धी अनुभव भएकालागि प्राथमिकता
५. तलब इन्टरभ्यू अनुसार तोकिनेछ ।

**सम्पर्क नं. ९८५५०६९९०५**

HIMALAYAN LIFE
सुरक्षा अटल, भविष्य सबल
प्रधान कार्यालय मनकामना मार्ग, काठमाडौं, नेपाल
फोन नं. ५९७००५७ पो.ब.नं. २५९७९

**हकदाबी सम्बन्धी सूचना**

यस कम्पनीबाट जारी तपहिशलमा उल्लेख भएका बीमालेखका बीमितहरुले बीमालेख हराएको/नासीएकोले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हक दाबी भए यो सूचना प्रकाशित मितिले ३५ दिनभित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाण सहित हक दाबी दर्ता गर्नुहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो अबधिभित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपी बीमालेख जारी गरीने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ ।

तपसिल

| क्र.सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| १ | PLI१५१०००२९९९ | बल बहादुर प्रसाद यादव | देवताल-०३, बारा |
| २ | GLI०५१०००२३५ | सरस्वती थापा | हेटौंडा-१०, मकवानपुर |
| ३ | GLI५५१००००३१८ | सरोज न्यौपाने | निजगढ-०७, बारा |

**हार्दिक बधाई तथा शुभकामना**



स्वास्थ्य व्यवसायी चिसापानी मेडिकल हलको संचालक तथा मेरो अनन्य मित्र **आशिष वास्तोला** बकैया जेसीज वर्ष २०२६ को लागी अध्यक्ष पदमा सर्वसम्मत निर्वाचित हुनुभएकोमा हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गर्दछु ।

**हिमालयन ड्रग हाउस**
हेटौंडा, मकवानपुर

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना